सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ साउन २०८२, शुक्रबार (8 Aug 2025, Friday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ११७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

कारागारमा यसरी राखिएको छ रविलाई

■ यही अँध्यारो कोठामा चार महिनादेखि छन् रवि



२५० जना अट्ने क्षमताको कारागारमा ६२६ कैदी । कर्तव्य ज्यानसम्बन्धी ७३ कैदी, एउटैले सातजनाको हत्या गरेकासम्म ।

भैरहवामा **दीपेश पछाई**
काठमाडौंमा **कमलराज भट्ट**

१२ बाई ३५ फुटको अँध्यारो कोठा, फलामे बार, बन्द झ्यालहरू र भैरहवाको ४२ डिग्री तापक्रम । यही बनेको छ रवि लामिछानेको चार महिनादेखिको संसार । सिद्धार्थ राजमार्गबाट भित्र पस्ने आवारोडको झन्डै ८० मिटरको दूरीमा भैरहवाको बाक्लो बस्तीबिच रहेको छ एउटा जेल । जुन, रूपन्देही जिल्लाभरकै पुरुष थुनुवा र कैदीका लागि एक मात्र थलो हो ।



अदालतले अनुमति दिँदा पनि गृहमन्त्रीले रोके अड्डासार

गणेश मन्दिरको छेउमै रहेको मुख्य ढोकाबाट भित्र छिर्नासाथ देखिन्छ कार्यालयको सानो भवन । त्यहींबाट केही पाइला अगाडि बढेपछि बायाँपट्टि देखिन्छन् ब्लक नम्बर २ र ३ ।

दायाँपट्टि छ- ब्लक नम्बर ४ । तर, यसलाई 'ब्लक' भन्नु आफैंमा अतिशयोक्ति लाग्न सक्छ । किनकि यो वास्तवमा एउटा साँघुरो कोठा हो । करिब १२ फुट चौडाइ र ३५ फुट लम्बाइ भएको कोठाको ढोकामा फलामे बार लगाइएको छ जहाँ विगत चार महिनादेखि बन्द छन् पूर्वउपप्रधानमन्त्री तथा रास्वपा सभापति लामिछाने ।

यो कोठामा बाहिरी संसारसँग जोडिने माध्यमका नाममा एउटा

» पृष्ठ २ मा क्रमशः

■ भेटेका नेताहरू भन्छन्-
न्यूनतम मानव अधिकार पनि छैन

● **डा. बाबुराम भट्टराई,** पूर्वप्रधानमन्त्री



रविलाई सूचनाबाट पनि वञ्चित गरिएको रहेछ । पत्रपत्रिका हेर्न पनि दिइँदो रहेनछ । बरु पञ्चायतमा पनि पढ्न पाइन्थ्यो ।

● **सिके राउत,** अध्यक्ष, जनमत



रविको कारागार जीवन दयनीय छ । कोठाभित्र बन्द गरेर राखिएको छ । २१ सिटको दलको नेतालाई यसरी राख्नु नै उचित लागेन । त्यहाँ त हत्या, कुटपिटजस्ता अपराध गर्ला भनेर राख्ने हो ।

● **हृदयेश त्रिपाठी,** अध्यक्ष, जप्रपा



जेसुकै मुद्दा लगाए पनि रवि त राजबन्दी हो । तर, मैले भेट्दा राज्यले न्यूनतम मानवीय व्यवहार पनि नदेखाएको पाएँ ।

● **वासुदेव घिमिरे,** सांसद, एमाले



मानवताको नाताले भेट्न गएको थिएँ । कारागार दयनीय रहेछ । राज्यले मानव अधिकारको ख्याल गर्नुपर्ने देखिन्छ ।

● **माधव सापकोटा,** सांसद, माओवादी



अँध्यारो कोठामा उहाँलाई एक्लै राखिएको थियो । एक्लै राख्नु त्यसै पनि राम्रो होइन । राज्यबाट अमानवीय व्यवहार प्रदर्शन भएको छ ।

● **अभिनाश आचार्य,** रविका सहयोगी



तीनपटक कपाल काट्न निस्किएकोबाहेक बाहिरी वातावरण देख्न पाउनुभएको छैन । कोठामा रहेका भेन्टिलेसन पनि बन्द छन् । अँध्यारो मात्रै होइन, चरम गर्मीमा अत्याचार भएको छ ।

■ कारागार प्रमुख सुरेश भण्डारी भन्छन्-

बजेट अभावका कारण पत्रपत्रिका खरिद गर्न सक्ने अवस्था नै छैन । हामीसँग उपलब्ध गराउन सकिने जति सुविधा दिएका छौं । त्यो भन्दा धेरै कसरी गर्ने ?

पाँचदलीय गठबन्धनलाई दोब्बर मतले हराउँदै चन्द्रपुर उद्योग वाणिज्य संघमा रास्वपाका सापकोटा विजयी

रौतहट / कांग्रेस-एमाले-माओवादी सहितको पाँचदलीय गठबन्धनलाई हराउँदै चन्द्रपुर नगर उद्योग वाणिज्य संघको अध्यक्षमा रास्वपाका उदयनारायण सापकोटा (सुरेन) विजयी भएका छन् । उनले कांग्रेसका सुनीलकुमार साहलाई दोब्बर मतान्तरले हराए । साहलाई एकीकृत समाजवादी



र जसपा नेपालले पनि साथ दिएका थिए । तैपनि सापकोटा दोस्रो कार्यकालका लागि विजयी भए ।

बुधबार भएको निर्वाचनमा सापकोटाले ५०२ मत प्राप्त गर्दा साहले २६९ मत पाएको निर्वाचन समिति संयोजक दिलीप कोइरालाले बताए । ३१ मत

» पृष्ठ २ मा क्रमशः

उत्तराखण्डको त्यो भयानक बाढी
एक बालकसहित १७ नेपाली सम्पर्कविहीन



● **हरिचन्द्र बस्नेत,** अध्यक्ष, कुसे गाउँपालिका, जाजरकोट

जाजरकोट कुसेका १२ र जुम्ला तिलाका एक गरी १३ जना बाढीमा परेको खबर छ । अहिलेसम्म सातजनाको ज्यान गएको खबर छ, ६ जना अझै बेपत्ता छन् । गाउँभरि सन्नाटा छ ।

बर्दियामा **प्रकाश पौडेल**
जाजरकोटमा **रेशमबहादुर खड्का**

भारत उत्तराखण्डको उत्तरकाशीस्थित खिर नदीमा अचानक बाढी आएको २० साउनको घटनामा एक बालकसहित १७ नेपाली सम्पर्कविहीन भएका छन् । जाजरकोटको कुसे गाउँपालिका- २ का १२, बर्दियाको मधुवन नगरपालिकाका चार र जुम्लाको तिला गाउँपालिका- ३ का एक गरी १७ जना सम्पर्कविहीन भएका हुन् ।

२० साउनमा खिर नदीमा लेदोसहित आएको बाढीले धराली गाउँ र

» पृष्ठ २ मा क्रमशः





नाबालक छोरासहित बर्दियाका दम्पती बेपत्ता

बर्दियाको मधुवन नगरपालिकाका- ६, सानोश्रीका ४० वर्षीय नरेन्द्र खड्का, ३२ वर्षीया सरस्वती भट्टराई खड्का र उनीहरूका दुई वर्षीय छोरा रोमन खड्का सम्पर्कविहीन छन् । नरेन्द्र बाकुडाको पहिरोमा बेपत्ता भएको खबर आएको उनका माइला बुबाका छोरा बमराज खड्काले बताए । 'मंगलबार बिहान मात्र मेरो कुरा भएको थियो । दाइ मिस्त्रीको काम गर्नुहुन्थ्यो । भाउजूले मजदुरका लागि खाना बनाउने काम गर्नुहुन्थ्यो । बाबु सानो भएकाले दाइ-भाउजूको साथमा थियो,' उनले भने, 'घटना सुनेपछि ठुलोबुबा र भिनाजु उत्तराखण्ड जानुभएको छ ।' त्यस्तै, गढवालको जमपुरीमा रहेका मधुवन- ५, रामनगरकी ४२ वर्षीया अमृता परियार बेपत्ता छिन् ।

■ नागरिकको गोपनीयता तथा स्वतन्त्रता हनन हुने गरी विधेयकको मस्यौदा

फोन रेकर्डदेखि सामाजिक सञ्जाल नियन्त्रण गर्ने गरी कानुन बनाउँदै सरकार

अघिल्लोपटक ओली प्रधानमन्त्री हुँदा यस्तै व्यवस्थासहित ल्याइएको विधेयक चौतर्फी विरोधपछि भएको थियो फिर्ता

■ पाँच वर्षअघि नै खरिद गरिएको थियो फोन ट्यापिङ गर्ने करिब २४ करोडका उपकरण

■ कानुनी व्यवस्था नहुँदै गरिएको उपकरण खरिदमा पनि ठुलो अनियमितताको आरोप

नवराज मैनाली / नयाँ पत्रिका

प्रधानमन्त्रीको प्रत्यक्ष मातहतमा रहेको राष्ट्रिय अनुसन्धान विभागले सर्वसाधारणको फोन गोप्य रूपमा रेकर्ड गर्न सक्ने (फोन इन्टरसेप्सन)देखि सामाजिक सञ्जालका सबै विवरण हेर्न सक्ने अधिकारसहितको कानुन निर्माणको तयारी गरेको छ । 'राष्ट्रिय गुप्तचर (इन्टेलिजेन्स) तथा अनुसन्धानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'को मस्यौदा तयार गरिसकेको छ, जसमा नागरिकका गोपनीयता तथा स्वतन्त्रता हनन हुने गम्भीर प्रावधान राखिएको छ ।

विधेयकमा अनुमति र अनुगमनविनै गुप्तचरले जोसुकै व्यक्तिको फोन रेकर्ड गर्न सक्ने व्यवस्था गरिएको छ । प्रधानमन्त्री कार्यालयले सुझावका लागि सार्वजनिक गरेको मस्यौदामा सूचना संकलनसम्बन्धी विशेष व्यवस्था राखेर गुप्तचरलाई यस्तो अधिकार दिन लागिएको हो ।

विधेयकको दफा १५ मा भनिएको छ, '...अन्य माध्यमबाट सूचना संकलन गर्न सम्भव नभएमा र त्यस्तो सूचना तत्काल संकलन नगरेमा मुलुकलाई गम्भीर हानिनोक्सानी हुने कुरामा अनुसन्धान महानिरीक्षक विश्वस्त भएमा निजले कुनै संदिग्ध व्यक्ति, संघसंस्थाबाट सञ्चारमाध्यम वा अन्य माध्यमबाट भएका कुराकानी, श्रव्य, दृश्य वा विद्युतीय संकेत वा वितरणलाई निगरानी वा अनुगमन गर्न वा इन्टरसेप्सन गरी त्यस्तो अभिलेखीकरण गर्न आफ्नो प्रत्यक्ष निगरानीमा मातहतको कुनै अधिकारीलाई लिखित रूपमा आदेश दिन सक्नेछ ।' यो प्रावधानअनुसार फोन मात्र होइन, सर्वसाधारणको सामाजिक सञ्जालमा पनि गुप्तचरको निगरानी र नियन्त्रण हुन सक्छ ।

अधिल्लोपटक प्रधानमन्त्री केपी ओली नै रहेका बेला विशेष सेवा

» पृष्ठ २ मा क्रमशः



१५. **सूचना सङ्कलन सम्बन्धी विशेष व्यवस्था:** (१) दफा १२ को उपदफा (१) बमोजिमको कार्य गर्दा अन्य माध्यमबाट सूचना सङ्कलन गर्न सम्भव नभएमा र त्यस्तो सूचना तत्काल सङ्कलन नगरेमा मुलुकलाई गम्भीर हानी नोक्सानी हुने कुरामा अनुसन्धान महानिरीक्षक विश्वस्त भएमा निजले कुनै संदिग्ध व्यक्ति, संघ, संस्थाबाट सञ्चार माध्यम वा अन्य माध्यमबाट भएका कुराकानी, श्रव्य, दृश्य वा विद्युतीय सङ्केत वा विवरणलाई निगरानी वा अनुगमन गर्न वा इन्टरसेप्सन गरी त्यस्तो अभिलेखीकरण गर्न आफ्नो प्रत्यक्ष निगरानीमा मातहतको कुनै अधिकारीलाई लिखित रुपमा आदेश दिन सक्नेछ ।

■ ०७६ मा ओली सरकारले संसद्मा ल्याएको विधेयकले व्यक्तिको गोपनीयता भंग गर्ने भन्दै देउवा सरकारले लिएको थियो फिर्ता

केपी ओली अधिल्लोपटक प्रधानमन्त्री हुँदा पनि यस्तै खालको व्यवस्था राखेर सरकारले संसद्मा विधेयक पुऱ्याइएको थियो । नेपाल विशेष सेवा (गुप्तचरी)को गठन र सञ्चालनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २५ मंसिर ०७६ मा राष्ट्रिय सभामा प्रस्तुत गरिएको थियो । ७ जेठ ०७७ मा राष्ट्रिय सभाबाट पारित भएर प्रतिनिधिसभामा गएपछि चौतर्फी विरोध सुरु भयो । विधेयक प्रतिनिधिसभामा विचाराधीन रहेकै बेला तत्कालीन प्रधानमन्त्री ओलीले संसद् नै विघटन गरिदिए । ०७८ असारमा उनी पदमुक्त भएपछि कांग्रेस सभापति शेरबहादुर देउवा नेतृत्वको सरकारले विधेयक फिर्ता लिएको थियो । त्यतिखेर नेकपा सरकारले विधेयक अगाडि बढाउँदा प्रमुख प्रतिपक्षी रहेको कांग्रेसले फोन ट्यापिङ गर्दा व्यक्तिको गोपनीयता भंग हुने भन्दै सुरुदेखि नै विरोध गरेको थियो । अहिले कांग्रेस सत्तासाझेदार नै छ ।

प्रहरी ठेक्काको 'मिलेमतो' छानबिन गर्न समिति गठन




सामान आपूर्ति गरिरहेका केही कम्पनीले मात्र प्रतिस्पर्धा गर्न मिल्ने किसिमको प्रावधान राखेर बोलपत्र अघि बढाएपछि छानबिन गर्न सार्वजनिक खरिद कार्यालयलाई अख्तियारको पत्र

(विस्तृत पृष्ठ ३)

तीन सय ४१ मेगावाटको बुढीगण्डकी अर्धजलाशययुक्त आयोजनामा जुट्यो लगानी

(विस्तृत पृष्ठ ६)



मिर्गौला तस्करीमा संलग्न तीन पक्राउ

काठमाडौं/ प्रहरीले मिर्गौला तस्करीमा संलग्न गिरोहका तीन सदस्यलाई पक्राउ गरेको छ। पक्राउ पर्ने काभ्रेपलाञ्चोक पाँचखाल नगरपालिका- १० का ३५ वर्षीय कुमार भनिने राजकुमार परियार, नुवाकोट बेलकोटगढी नपा- ९ का २४ वर्षीय समीर नेपाली र सोही नगरपालिका- ४ का ४७ वर्षीय राकेश नेपाली रहेका छन्।

उनीहरूलाई नेपाल प्रहरीको मानव बेचबिखन तथा अनुसन्धान ब्युरोबाट खटिएको प्रहरी टोलीले काठमाडौं र काभ्रेपलाञ्चोकबाट पक्राउ गरेको हो। ब्युरोका अनुसार उनीहरूले कोटेश्वर बस्ने सिन्धुलीका खिलबहादुर भुजेलालाई भारतको चण्डीगढ लगी झुक्याएर मिर्गौला बेचिदिएका थिए। मिर्गौला बेचेबापत उनलाई ६ लाख रुपैयाँ दिने भनेका थिए। तर, कबुल गरेबमोजिमको रकम नदिएपछि पीडितले ब्युरोमा उजुरी दिएका थिए। सोही उजुरीपछि घटनामा संलग्न तीनजनालाई ब्युरोले पक्राउ गरेको हो।

ब्युरोका प्रवक्ता एसपी नरेन्द्र कुँवरले पीडितलाई प्रतिमहिना १० देखि २० हजार रुपैयाँ कमाइ हुने भन्दै भारतको चण्डीगढ पुऱ्याएका थिए। महिना दिनसम्म होटेलमा राखेपछि मिर्गौला बेच्ने प्रस्ताव गरेका थिए। इन्कार गरेपछि उनीहरूले पीडितलाई चण्डीगढसम्म आएको सबै खर्च व्यहोर्न धम्की दिएका थिए। त्यसपछि पीडित मिर्गौला बेच्न राजी भएका थिए। तर, रकम भने नेपाल पुगेपछि मात्रै दिने भनेका थिए। सोही प्रलोभनमा नेपाल फर्किएका पीडितले कबुलेबमोजिमको रकम पाउन सकेका थिएनन्।

एसपी कुँवरले भने, 'प्रतिवादीहरूले भारतको होटेलमा काम गर्दा मासिक १० देखि २० हजार भारतीय रुपैयाँ कमाइ हुन्छ भनी प्रलोभन देखाए। पीडितलाई उनीहरूले बुटवल, भैरहवा हुँदै सुनौली बोर्डर पार गराए। भारतको चण्डीगढस्थित अपार्टमेन्टमा लगेपछि भोलिपल्ट नाम नखुलेको क्लिनिकमा लगी मेडिकल चेकअप गराए। एक महिना बसेपछि मिर्गौला बेच्न प्रस्ताव गरे। त्यसबापत ६ लाख रुपैयाँ दिने प्रलोभन दिए। तर, पीडित तयार भएनन्। पछि यिनीहरूले लागेको सम्पूर्ण खर्च व्यहोर्नुपर्ने भनी डर, त्रास देखाए। त्यसपछि पीडितले मिर्गौला दिएको देखिन्छ।' घटनालगत्तै भएको विशेष अपरेसनपछि प्रहरीले समीरलाई नयाँ बसपार्कबाट, राकेशलाई बानियाँटारबाट र राजकुमारलाई काभ्रेबाट पक्राउ गरेको हो।

लालबुक हराएको सूचना

यही मिति २०८१/१२/१३ गते खोटाङ जिल्ला दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१३ नुनथला (साबिक नुनथला गा.वि.स. वडा नं. ४) बस्ने भू.पू. ब्रिटिस गोर्खा सैनिक पाँचकर्ण राईको २११५४१८३ नम्बरको लालबुक घरबाट बसमा यात्रागरी दिक्तेलबजार जानेक्रममा बाटोमा हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क नं. ९८१००९४९२८ वा ९८४२९६७८६५ मा फोन गरेर तथा नजिकको प्रहरी चौकीमा उपलब्ध गराईदिन हुन अनुरोध छ।

श्रीमती : चतुर शोभा राई

ठेगाना : दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१३ नुनथला

सम्पर्क मोबाइल नं. : ९८१००९४९२८

नेपाल निर्माण व्यवसायी महासंघ

अनामनगर, काठमाडौं

फोन नं. : ५७०५६११, ५७०६१५५, ५७०६१८७

सूची दर्ता गराउने सम्बन्धि सूचना

प्रकाशित मिति : २०८२/०४/२३

यस महासंघलाई आर्थिक वर्ष २०८२/०८३ मा आवश्यक पर्ने तपसिलका सामान तथा सेवाहरू उपलब्ध गराउने प्रयोजनको लागि सामान तथा सेवा प्रदायकको सूची सूचीकृत गरिने भएको हुँदा मौजुदा सूचीमा दर्ता हुन इच्छुक सम्बन्धित इजाजतपत्र प्राप्त रजिष्टर्ड फर्म तथा कम्पनीहरूले निम्नलिखित कागजातहरू संग्लन गरी छुट्टाछुट्टै आवेदन यस महासंघको सचिवालयमा यो पत्रको मितिले १५ दिन भित्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

आपूर्ति/उपलब्ध गराउनुपर्ने सामान तथा सेवाहरू

१. छपाई सम्बन्धी कार्य।
२. स्टेशनरीका सामानहरू (मसलन्द तथा कार्यालय संचालन सम्बन्धी)।
३. कम्प्युटर, स्क्यानर, फोटोकपी मेशिन, सिसि क्यामेरा, प्रिन्टर कार्टेज, टोनर तथा टोनर रिफिलिड सम्पूर्ण स्पेयर पार्टसहरू।
४. कुरियर सेवा (आन्तरिक र बाह्य)।
५. टिकेटिङ्ग, टुर एण्ड ट्राभल्स सम्बन्धी विविध सेवा (आन्तरिक र बाह्य)।
६. विज्ञापन एजेन्सी।

रोशन दाहाल
महासचिव

५ वर्षभन्दा पुरानो नगद लाभांश बुझ्फिलिने सम्बन्धी सूचना

यस नबिल बैंक (साबिक युनाइटेड फाइनान्स लिमिटेड र साबिक नेपाल बङ्गलादेश बैंक लिमिटेड समेत) को ५ वर्ष भन्दा पहिले सम्पन्न वार्षिक साधारण सभा(हरु) बाट पारित भएको आ.व. २०७५/७६ सम्मको नगद लाभांश कतिपय शेयर धनीहरुद्वारा हालसम्म पनि बुझ्फिलिन बाँकी रहेको व्यहोरा कम्पनी ऐन, २०६३ को दफा १८२ तथा नेपाल राष्ट्र बैंकको ई.प्रा. निर्देशन नं. १६/०८१ को ३(५) बमोजिम सम्बन्धित शेयरधनी महानुभावहरुमा जानकारी गराउँदै यसरी नगद लाभांश बुझ्फिलिन बाँकी रहेका शेयरधनीहरुले बैंकको शेयर रजिष्ट्रार **श्री नबिल इन्भेष्टमेण्ट बैंकिंग लिमिटेड, नक्साल, नारायणचौर, काठमाडौंमा** यथाशिघ्र सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

साथै, सूचना प्रकाशित भएको मितिले १ (एक) महिनाभित्र परिचय पत्र सहित आफ्नो बक्यौता नगद लाभांश(कुनै कारणले रोक्का भएको अवस्था बाहेक) बुझ्फिलिनु हुन सूचित गर्दै तोकिएको अवधि पश्चात शेयरधनी महानुभावहरुले बुझ्फिलिन बाँकी रहेको नगद लाभांशको रकम कम्पनी ऐन २०६३ को दफा १८३ बमोजिम स्थापना भएको "लगानीकर्ता संरक्षण कोष" मा दाखिला/जम्मा हुने व्यहोरा समेत जानकारी गराईन्छ।

उपर्युक्त बमोजिमको नगद लाभांश लिन बाँकी रहेका शेयर धनीहरुको विवरण यस बैंकको वेबसाईटमा राखिएको व्यहोरा समेत जानकारी गराईन्छ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७१८७१

शिक्षा विधेयक छिटो पारित गर्न प्रचण्डको सुझाव

काठमाडौं/ माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले विद्यालय शिक्षा विधेयक छिटो पारित गर्न र उच्च शिक्षा आयोगको प्रतिवेदन कार्यान्वयनमा लैजान सरकारलाई सुझाव दिएका छन्। अखिल क्रान्तिकारीले बिहीबार राजधानीमा आयोजना गरेको 'विद्यार्थीसँग अध्यक्ष कमरेड प्रचण्ड : शैक्षिक संवाद कार्यक्रम'मा उनले भने, 'विद्यालय शिक्षा विधेयक छिटो पारित गरियोस्, उच्च शिक्षा आयोगको प्रतिवेदन कार्यान्वयनमा लगियोस्। यति दुइटा काम भए भने विद्यार्थीका प्रश्नको ९० प्रतिशत जवाफ त्यहीँ छ। मेरो नेतृत्वको सरकारले अगाडि बढाइसकेको विधेयकलाई अन्तिम रूप दिइयोस्।'

संविधानमा लेखिएको शिक्षा नीति कार्यान्वयन गरिए जनवादी शिक्षाको औचित्य पुष्टि हुने पनि उनले बताए। शिक्षा आमनागरिकको पहुँचमा हुनुपर्ने, सबैले निःशुल्क शिक्षा प्राप्त गर्ने अधिकार संविधानमा उल्लेख गरिएको स्मरण गर्दै उनले कानुनद्वारा व्यवस्थित गरेर कार्यान्वयन गर्दा जनवादी शिक्षाको औचित्य प्रमाणित गर्ने उनले बताए। प्रचण्डले संविधानले शिक्षालाई मौलिक अधिकारका रूपमा व्यवस्था गरेको भन्दै कार्यान्वयनका लागि राज्य तयार हुनुपर्ने बताए। राज्य तयार नभए सडकबाट दबाब दिनुपर्नेसमेत उनले बताए। विदेश पलायन समस्याको समाधान नभएको उनको भनाइ थियो। माओवादीले सबै नेताका छोराछोरीलाई सार्वजनिक विद्यालय/कलेजमा पढाउने, विदेश नपठाउने विषयमा छलफल गरेर निर्णय गर्न लागिएको उनले बताए।

आफूले प्रतिस्पर्धाबाट विश्वविद्यालयको उपकुलपति, रजिस्ट्रारलगायत बनाउँदा मात्रै शिक्षा क्षेत्रमा देखिएका विसंगति रोकिन्छ भनेर काम सुरु गरेको उनले स्मरण गरे। अहिले फेरि सरकारले विश्वविद्यालयलाई कर्मचारी भर्तीकेन्द्रका रूपमा प्रयोग गरेको उनले आरोप लगाए। 'शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो। शिक्षामा प्रगति नहुँदासम्म देशले विकासमा गति लिन सक्दैन। त्यसैले शिक्षा क्षेत्रमा सुधारको प्रयास गर्दागर्दै जसरी ठुला पार्टीहरूले हमला गरेका छन्। फर्केर पुरानै ठाउँमा गएका छन्। त्यही कारण नेपालमा अर्को एउटा क्रान्ति चाहिएकै छ। एउटा ठुलो क्रान्ति नभएसम्म यिनको दिमागमा छिर्ने देखिएको छैन,' प्रचण्डले भने। उनले आफूले सशस्त्र क्रान्तिको कुरा नगरेको पनि स्पष्ट पारे। शिक्षा, स्वास्थ्य, सामाजिक न्यायमा, विकास निर्माणमा, देशलाई गुणस्तर ढंगले अगाडि बढाउनका निम्ति परम्पराका साङ्लोहरू अझै तोड्न बाँकी रहेको उनले बताए।

कोशीमा पहिलो गैरसरकारी भाषा विधेयक अस्वीकृत

विराटनगर/ लिम्बू र मैथिलीलाई कामकाजको भाषा बनाउन माग गर्दै कोशी प्रदेश सभामा पहिलोपटक दर्ता भएको गैरसरकारी विधेयक एमाले र काग्रेसका सांसदहरूले अस्वीकृत गराएका छन्। प्रदेश सभाको बिहीबार बसेको बैठकमा दर्ता भएर टेबुल भएको पहिलो गैरसरकारी भाषा विधेयक'कोशी प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१' पास नगर्न एमाले र काग्रेसले ह्विप लगाएपछि सांसदहरूले बहुमतले अस्वीकृत गरिदिएका हुन्।

बिहीबार बसेको प्रदेशसभा बैठकमा उक्त विधेयकमाथि छलफल भई निर्णयार्थ प्रस्तुत गरिएको थियो। विपक्षी सांसदहरूले दर्ता गराएको भाषासम्बन्धी पहिलो गैरसरकारी विधेयक प्रदेश सभाबाट अस्वीकृत भएपछि अब कोशी सरकारले आफ्नातर्फबाट भाषा विधेयक ल्याउने तयारी गरेको छ। १६ साउन ०८१ मा कोशी सरकारको मन्त्रिपरिषद् बैठकले भाषासम्बन्धी विधेयक प्रदेशसभामा पेस गर्न स्वीकृति दिएको थियो। १८ साउनमा सरकारले भाषा विधेयक सभामा दर्ता गराएको थियो।

९३ सांसद रहेको कोशीमा एमालेका ४० र काग्रेसका २९ जना छन्। विपक्षी दल माओवादीका १३, एकीकृत समाजवादीका चार, जसपाका एक र राप्रपाका ६ जना सांसद छन्। बहुमतका लागि ४७ सांसद चाहिन्छ।

सहकारी ऐन २०४८ अन्तरगत स्थापित

श्रीमहालक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.

म.थि.न.पा.-८, बोडे, भक्तपुर

दोस्रो पटक ऋणीलाई सावा ब्याज चुक्ता गर्न आउने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति : २०८२/०४/२३

तपसिलमा उल्लेखित ऋणीले घर/जग्गा शिर्षक अर्न्तगत यस श्रीमहालक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि बोदेसंग गरेको ऋण सम्झौता बमोजिम संस्थालाई भुक्तानी गर्नुपर्ने सांवा ब्याज हर्जाना लगायतका लेना रकम भुक्तानी नगरी/नबुझाई ऋण शर्त कबुलियत उल्लघन गरेकोले संस्थाका ऋण उप-समिति, संचालक समितिको सदस्यहरू लगायत संयुक्त टोली सहित प्रशासनिक तबरले घर ठेगानामा गई ऋणको सांवा ब्याज भुक्तानीको लागि पटक/पटक मौखिक तथा लिखित पत्र सहितबाट ताकेता गर्दा समेत कुनै चासो नदेखाई बस्नु भएकोले प्रथम पटक मिति २०८२ असार १७ गते नयाँ पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्दा समेत अटेर गरी ऋण चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाएकोले पुनः १५ दिनको सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र संस्थाको कार्यालयमा सम्पर्क राखी आफुले संस्थालाई तिर्न बुझाउन बाँकी सम्पुर्ण बक्यौता रकम भुक्तानी गर्नु हुन सुचित गरिन्छ। अन्यथा तपसिल बमोजिमका धितो सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ र ऋण असूली नीतिले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री वा अन्य व्यवस्थाबाट संस्थाको लेना रकम असूल उपर गरिलिने छ। सो बाट सबै असूल उपर हुन नसकेमा ऋणी, जमानी कर्ता तथा नीजको हकवालाको नाममा भएको जायजेथाबाट असूल उपर गरिने व्यहोरा सहित सम्बन्धित ऋणी, धितो धनी, जमानी कर्ता एवंम् साक्षीहरू सबैलाई जानकारी गराइन्छ।

ऋणीको बिवरण
नाम : सिता भट्टराई
स्थायी ठेगाना : म.थि.न.पा. २, मगरगाउँ
बुबाको नाम : इन्द्रमणी नेपाल
ससुराको नाम : अन्जनी प्रसाद भट्टराई
पतिको नाम : राजन भट्टराई
ना.प्र.न. : ५६०९८ मोरङ
जारी मिति : २०५७/११/२४



धितो विवरण
ऋणीको नाममा मा.पो.का भक्तपुर
दर्ता प्रमाणित कायम रहेको म.थि.न.पा.
वडा नं १७ , कि.न १२७ क्षेत्रफल
१०६.४० ब.मी मा बनेको घर समेत
साक्षीको विवरण
नाम : राजन भट्टराई
ठेगाना : म.थि.न.पा. २, मगरगाउँ
बाबुको नाम : अन्जनी प्रसाद भट्टराई
बाजेको नाम : देवी प्रसाद भट्टराई
ना.प्र.न. : १९४ मोरङ
जारी मिति : २०४८/०४/३१

मोटरसाइकल हरायो

मिति २०८२/४/१ गते राती अ. साँझ ७:३० देखि ८:०० बजेको समयमा सिन्धुपाल्चोक जिल्ला सुनकोशी गा.पा.-०६, १२ कि.मि.मा रोड साइटबाट मेरो निम्न व्यहोरा भएको रातो कालो रंगको 220 CC पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : देउता थापा
मो.सा.नं.: प्र.०२-०२-०४३ प ५५३४
चेसिस नं.: MD2A13EX8MCJ99001
इन्जिन नं.: DKXCMJ33143
सम्पर्क न.: 9841183190

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

पनौती, काभ्रे

बोलपत्र तथा दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८२/०४/२३ गते

पनौती नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट प्रकाशित बोलपत्र तथा दरभाउपत्र आव्हानको सूचनाबमोजिम यस कार्यालयमा तोकिएको अवधिभित्र रितपूर्वक विद्युतीय माध्यमबाट पेश/दर्ता हुन आएका बोलपत्र र दरभाउपत्रहरूको नियमानुसार मूल्याकंन समितिबाट मूल्याकंन गरी न्यूनतम मूल्याकिंत सारभूत रूपमा प्रभावग्राही रहेको भनी स्वीकृतिका लागि सिफारिस भएअनुसार तपशिलको बोलपत्र र दरभाउपत्र स्वीकृतिका लागि छनोट गर्ने निर्णय भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(२) बमोजिम छनोट भएको बोलपत्र तथा दरभाउपत्र स्वीकृत गर्ने आशयको यो सात दिने सूचना सम्बन्धित बोलपत्रदाता तथा दरभाउपत्रदाताहरूको जानकारीका लागि प्रकाशित गरिएको छ।

क्र.सं.	कामको विवरण	ठेक्का संकेत नं.	छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक रु. (मू.अ.कर र पि.एस आइटम बाहेक)
१.	Construction of Jyalachiti Pati	(Panauti/works/ncb/2081/82/48)	R. P. S. Construction ,Bhaktapur Municipality-4	रु. १६,७९,४७७।५५
२.	Baunne Daha Daya Baya Sadak Nirman	Quot/baunne/2081/82-10	Joshi G Builders, Panauti-7	रु. ९,३६,८७०।००

कारागारमा...

पृष्ठ १ बाट क्रमशः

सानो झ्यालजस्तो संरचना छ। तर, त्यो पनि प्लाइउडले टालेर बन्द गरिएको छ- न त राम्ररी हावा आउन सक्ने, न त उज्यालो। छानातिर बनाइएको अर्को भेन्टिलेसन झ्यालमा पनि उस्तै छ नियति– प्लाई ठोकिएको। कोठाभित्र उज्यालो पस्ने कुनै बाटो छैन।

ढोकामा रहेको फलामे बारअगाडि राखिएको स्टुलमा बसेर पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले बिहिबार देशको चौथो ठुलो दल रास्वपाका सभापति लामिछानेलाई भेटेका थिए। लामिछाने फलामे बारपछाडि भैरहवाको प्रचण्ड गर्मी सहन नसकेर हाफ कड्दै र गन्जीमा थिए।

भेटघाट भयो, तर संवादभन्दा गहिरो थियो त्यो दृश्य– एउटा पूर्वप्रधानमन्त्रीले अर्को पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्रीलाई गोलघरजस्तो कालकोठरीमा एक्लै राखेको प्रत्यक्ष देखेको।

भेटपछि सञ्चारकर्मीसित कुरा गर्दै भट्टराईले यस्तो दृश्य त पञ्चायतकालमा पनि नदेखिएको प्रतिक्रिया दिए। उनले न्यायिक हिरासतमा रहेका राजनीतिक नेताको हकहित र मानव अधिकारका विषयमा सरकार र सम्बन्धित निकायले थप संवेदनशीलता देखाउनुपर्ने आवश्यकता औंल्याएका थिए।

'अभियुक्त भाग्छ वा थप अपराध गर्छ भन्ने लाग्दा न्यायिक हिरासतमा राख्ने हो। तर, रवि त एउटा राजनीतिक प्रतिनिधिको रूपमा रहेको मान्छे हो। भागेर पनि सुख पाउने होइन। त्यसैले उहाँलाई जमानतमा बाहिरै रहेर मुद्दा फेस गर्ने व्यवस्था गर्नुपर्थ्यो,' भट्टराईले भने, 'उहाँलाई सूचनाबाट पनि वञ्चित गरिएको रहेछ। पत्रपत्रिका हेर्न पनि दिइँदो रहेनछ। बरु पञ्चायतको पालामा पनि पढ्न पाइन्थ्यो। साथीहरूले ल्याएर दिन्थे, पढ्ने गर्थ्यौं।'

रविलाई भेटेका अरू नेताहरू पनि भन्छन्-

कारागारमा रविलाई न्यूनतम मानव अधिकार पनि छैन

लामिछानेलाई भैरहवा कारागारमा पुगेर विभिन्न दलका नेताहरूले भेटेका छन्। भेटेर फर्किएपछि उनीहरूले कारागारमा उनलाई न्यूनतम मानव अधिकार पनि नभएको सार्वजनिक अभिव्यक्ति दिने गरेका छन्। पूर्वप्रधानमन्त्री एवं नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का अध्यक्ष भट्टराईले जस्तै जनमत पार्टीका अध्यक्ष सिके राउत, जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठी, माओवादी सांसद माधव सापकोटा, एमाले सांसद वासुदेव घिमिरेलगायतले भेटेका थिए।

जनमतका अध्यक्ष राउतले देशकै चौथो ठुलो दलको नेतासमेत रहेका जनप्रतिनिधिमाथि राज्यले गरेको व्यवहार दयनीय रहेको बताए। 'रविको कारागार जीवन भौतिक रूपमा दयनीय छ। कोठाभित्र बन्द राखेको अवस्था छ। एउटा राजनीतिक बन्दी, २१ सिटको दलको नेतालाई थुनेर राख्नु नै उचित लागेन। त्यहाँ त हत्या, कुटपिटजस्ता अपराध गर्ला भनेर राख्ने हो,' राउतले भने, 'मैले भेट्दा उहाँलाई सरुवा गरेर डिल्लीबजार कारागार आउनुस् भनेको थिएँ। तर, सरकारले सरुवा नगरेको सुनेको छु।'

जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठीले पनि रविमाथि राज्यले न्यूनतम मानवीयता पनि प्रदर्शन नगरेको महसुस भएको बताए। 'जेसुकै मुद्दा लगाए पनि उहाँ त राजबन्दी नै हो। तर, मैले भेट्दा राज्यले न्यूनतम मानवीय व्यवहार पनि नदेखाएको पाएँ,' उनले भने, 'कारागारको अवस्था नै दयनीय छ।'

माओवादी सांसद माधव सापकोटाले देशको चौथो ठुलो दलको सभापतिमाथि अमानवीयता देखाएको बताए। 'म भेट्न जाँदा अँध्यारो कोठामा उहाँलाई एक्लै राखिएको थियो। एक्लै राख्नु त्यसै पनि राम्रो होइन। मैले यो विषय रविजीको सचिवालयलाई पनि भनेको थिएँ,' उनले भने, 'राज्यबाट अमानवीय व्यवहार प्रदर्शन भएको छ।'

एमाले सांसद वासुदेव घिमिरेले रवि राखिएको कारागार भौतिक रूपमा दयनीय रहेकाले राज्यले मानव अधिकारको ख्याल नगरेको बताए। 'म मानवताको नाताले भेट्न गएको थिएँ। कारागारको भौतिक अवस्था दयनीय रहेछ। राज्यले मानव अधिकारको ख्याल गर्नुपर्ने देखिन्छ,' उनले भने।

रास्वपाको सचिवालय हेरिरहेका अभिनाश आचार्यले कारागार प्रशासनबाट सभापति लामिछानेमाथि सहयोग नभएको गुनासो गरे। 'कारागारमा अन्य कैदीहरूसँग भेट गर्ने, गफ गर्ने अधिकार हुन्छ। तर, उहाँलाई चार महिनादेखि एउटा बन्द कोठाबाट बाहिर निस्किन दिइएको छैन। चार महिनामा तीनपटक कपाल काट्न बाहिर निस्किएकोबाहेक बाहिरी वातावरण देख्न पाउनुभएको छैन,' उनले भने, 'कोठामा रहेका भेन्टिलेसन पनि बन्द छ। अँध्यारो मात्रै होइन, चरम गर्मीमा अत्याचार भएको छ। अदालतले थुनुवाको सहमतिमा अर्को कारागारमा स्थानान्तरण गर्न आदेश दिँदा पनि सरकारले सहयोग गरेको छैन।'

कारागार प्रशासनले पनि लामिछानेले पत्रपत्रिका पढ्न नपाएको स्वीकार गरेको छ। कारागार प्रमुख सुरेश भण्डारीले बजेट अभावका कारण पत्रपत्रिका किन्न नसकिएकाले दिन नसकेको दाबी गरे। 'बजेट अभावका कारण पत्रपत्रिका खरिद गर्न सक्ने अवस्था नै छैन। त्यसैले उहाँलाई दिन नसकिएको हो,' उनले भने, 'हामीसँग उपलब्ध गराउन सकिने जति सुविधा दिएका छौं। त्यो भन्दा धेरै कसरी गरुँ ?'

कारागारमा कर्तव्य ज्यानसम्बन्धी ७३ कैदीबन्दी, एउटैले सातजनाको हत्या गरेकासम्म

रूपन्देही जिल्ला कारागारमा क्षमताभन्दा दोब्बर कैदीबन्दी छन्। दुई ब्लकमा २५० अट्ने क्षमता रहेकोमा अहिले ६२६ कैदीबन्दी छन्। ०९० मा बनेको कारागार भवन जीर्ण छ। कारागारमा २४ प्रकृतिका थुनुवा छन्। २४ प्रकृतिका मुद्दाका थुनुवाहरू रहेका छन्। ७३ जना कर्तव्य ज्यान मुद्दाका छन्। सातजनासम्मको हत्या गरेका अभियुक्तले यहाँ कैद भुक्तान गरिरहेका छन्।

रवि लामिछानेले आफ्नो भागको बिगोबापत बैंक जमानत अदालतमा बुझाए

सहकारी ठगीको अभियोगमा पुर्पक्षका लागि थुनामा रहेका रवि लामिछानेले आफ्नो भागको बिगोबापत बैंक जमानत अदालतमा बुझाएका छन्। आफूलाई थुनाबाहिर राख्न माग गर्दै निवेदन दिएका उनले शुभचिन्तकहरूबाट प्राप्त सहयोगले अदालतमा आफ्नो भागको बिगोबापतको बैंक जमानत पनि पेस गरेका हुन्। सुप्रिम सहकारी ठगीका अभियुक्त लामिछानेले दुई करोड ७४ लाख ८४ हजार रुपैयाँको बैंक जमानत पेस गरिसकेको उनको सचिवालयले जनाएको छ। रूपन्देहीको सुप्रिम सहकारी ठगीको अभियोगमा उनीसहितका प्रतिवादीहरूलाई एकमुस्ट १० करोड ९९ लाख बिगो कायम गरिएको छ।

अदालतले अनुमति दिँदा पनि गृहमन्त्रीले रोके अड्डासार

रास्वपा सभापति रवि लामिछानेले १४ जेठमै स्थानान्तरणको अनुमति पाऊँ भनेर कारागारमा निवेदन दिएका थिए। उक्त निवेदन कारागारले जिल्ला अदालत रूपन्देहीमा पठाएको थियो। १६ जेठमा न्यायाधीश अशोककुमार बस्नेतको इजलासले लामिछानेको मञ्जुरी भएमा उनलाई काठमाडौं उपत्यकाका कारागारमा स्थानान्तरण गर्न अनुमति प्रदान गरेको थियो। तर, अदालतले अनुमति दिए पनि गृहमन्त्री रमेश लेखकको दबाबमा कारागार विभागले लामिछानेलाई स्थानान्तरण गरेन। गृह प्रशासनले अदालतको आदेशसमेत उल्लंघन गरेको छ। अदालतबाट अड्डासार अनुमति पाएको दुई महिनासम्म लामिछाने भैरहवा कारागारमै छन्।

पाँचदलीय...

पृष्ठ १ बाट क्रमशः

बदर भएको थियो। सापकोटा रास्वपा चन्द्रपुर नगर सभापति हुन्। उनी काग्रेस छोडेर रास्वपामा प्रवेश गरेका थिए।

'मैले राम्रो काम गरेकाले साथीहरूले विजयी गराउनुभयो,' नवनिर्वाचित अध्यक्ष सापकोटाले भने, 'पाँच दल एक ठाउँमा उभिँदा पनि जित्न सफल भए। पार्टी (रास्वपा)को प्रभावका कारणले पनि हो।' उनले अघिल्लो कार्यकालमा संघको आफ्नै भवन निर्माण गरेका थिए।

सदस्यहरू भने निर्विरोध चयन भएका छन्। एमालेनिकट दिवाकर सापकोटा, अनन्त अधिकारी, जगदीप चौधरी र युवराज कार्की तथा काग्रेसनिकट व्यापारी अवधेशहरि भट्टराई र पुजन सत्याल निर्विरोध सदस्य चुनिए। त्यस्तै, एकीकृत समाजवादीनिकट सीता चौहान, गेनबहादुर दर्लामी तथा माओवादीनिकट रेखा गुप्ता र गौतम खड्का पनि निर्विरोध निर्वाचित भए।

संघको पहिलो बैठकले सदस्य चयन भएकाहरूबाट पदाधिकारी बनाउने व्यवस्था रहेको अध्यक्ष सापकोटाले बताए। तर, माओवादी कोटाबाट सदस्यमा निर्विरोध बनेकी गुप्ताले आफू सदस्य पदमा नबस्ने भन्दै सामाजिक सञ्जाल फेसबुकमार्फत राजीनामा घोषणा गरेकी छिन्।

एमाले-कांग्रेस गठबन्धनलाई हराउँदै तिलोत्तमाको टोल विकास संस्थामा रास्वपा विजयी

यसअघि असार अन्तिम साता मात्र रुपन्देहीको तिलोत्तमा नगरपालिका-८, मिलन टोल विकास संस्थामा पनि सत्तारूढ कांग्रेस-एमालेको गठबन्धनका उम्मेदवारलाई पराजित गर्दै रास्वपाका उम्मेदवार विजयी भएका थिए। रास्वपाका रमाकान्त भुसाल १२४ मतसहित अध्यक्षमा विजयी हुँदा गठबन्धनबाट उम्मेदवार बनेका एमालेका कृष्ण चापागाईंले १०० मत मात्र पाएका थिए। २७२ घरधुरी रहेको टोलमा २३३ मत खसेको थियो। १५ सदस्यीय कार्यसमितिमा चार पदाधिकारीसहित आठ सिटमा रास्वपाका उम्मेदवार विजयी भएका थिए। एमालेका तीन, कांग्रेसका दुई र रास्वपाकै प्यानलबाट राप्रपाका दुईजना विजयी भएका थिए। तिलोत्तमा-८ काग्रेस ने ता एवं पूर्वगृहमन्त्री बालकृष्ण खाणको वडा हो। कांग्रेस जिल्ला सभापति एवं तिलोत्तमा नगरपालिकाका मेयर रामकृष्ण खाण र एमाले जिल्ला अध्यक्ष यज्ञ गैरेको वडा पनि यही हो।

फोन रेकर्डदेखि...

पृष्ठ १ बाट क्रमशः

ऐनको विधेयक संसद्मा लैजाँदा पनि यही विषयमा सर्वाधिक विवाद भएको थियो। पछि अदालतको अनुमतिमा गुप्तचरले यसरी फोन इन्टरसेप्सन गर्न सक्ने सहमति भएको थियो। त्यो विधेयक फिर्ता लिएर सरकारले नयाँ विधेयक अघि बढाउन लागेको हो। सरकारले फेरि गुप्तचर प्रमुखकै आदेशमा कतैबाट नियमन नहुने गरी विभागलाई यस्तो अधिकार दिन लागेको छ।

विधेयकमा मुलुकलाई नै हानि हुने अवस्थामा मात्र यसरी इन्टरसेप्सन गर्न सकिने उल्लेख छ। तर, यस विषयमा राज्यका अन्य निकायको निगरानी नहुने भएकाले सत्तामा रहेकाले विभागमार्फत जोसुकै व्यक्तिको फोन र म्यासेज इन्टरसेप्सन गर्न सक्ने जोखिम छ। जुनसुकै सञ्चार सञ्जाललाई पनि इन्टरसेप्सन गर्न सकिने विधेयकमा उल्लेख छ।

गुप्तचरले पहिलेदेखि नै फोन इन्टरसेप्सनको प्रयास गर्दै आएको छ। त्यसका लागि उसले करिब २४ करोडमा पाँच वर्षअघि नै यससम्बन्धी उपकरणसमेत खरिद गरिसकेको छ। जुन उपकरण हाल थन्क्याएर राखिएको छ। सो खरिदमा ठुलो अनियमितता भएको आरोप लाग्दै आएको छ। कानुनी व्यवस्था नहुँदै विभागले त्यस्तो उपकरण खरिद गरेकोमा पनि प्रश्न उठ्दै आएको छ।

प्रतिगुप्तचरीदेखि विदेशमा अभियान चलाउन सकिने व्यवस्था

विधेयकमा प्रतिगुप्तचरीको व्यवस्था पनि गरिएको छ। दफा १४ मा प्रतिगुप्तचरीका लागि विशिष्टीकृत कार्यालय स्थापना गर्ने र उसले रक्षात्मक, प्रतिरक्षात्मक वा प्रतीकात्मक रूपमा काम गर्ने उल्लेख छ। पञ्चायतकालमा प्रतिगुप्तचरी कार्य हुँदै आएकोमा पछि विदेशीको दबाबमा विभागले यो काम सुरु गर्न सकेको छैन।

त्यस्तै, विभागलाई गोप्य अभियान सञ्चालन तथा सूत्र परिचालन गर्न सक्ने प्रावधान पनि राखिएको छ। दफा १६ मा भनिएको छ, 'विभागले यस ऐनबमोजिम आफ्नो जिम्मेवारी पूरा गर्दा मुलुकभित्र र आवश्यकताअनुसार मुलुकबाहिर गोप्य अभियान सञ्चालन गर्न, स्थायी वा अस्थायी सूत्रको छनोट वा सूत्र परिचालन गर्न सक्नेछ।'

विभागमा तीन किसिमको समूह बनाउने प्रस्ताव छ। साधारण समूह, प्राविधिक समूह र विशेष सुरक्षा समूह बनाउने प्रस्ताव गरिएको छ। कार्यालयको सुरक्षाका लागि निश्चित पोसाकसहित विशेष सुरक्षा समूह बनाउन लागिएको हो।

ऐनले आवरणमा कर्मचारीहरू भर्ना गर्न सकिने प्रावधान राखेको छ। श्रेणीविहीन र अनुसन्धान जवानमा ५०-५० प्रतिशत र अनुसन्धान सहायक निरीक्षकमा २० प्रतिशत भर्ना ल

प्रहरी ठेक्काको 'मिलेमतो' छानबिन गर्न समिति गठन

सामान आपूर्ति गरिरहेका केही कम्पनीले मात्र प्रतिस्पर्धा गर्न मिल्ने किसिमको प्रावधान राखेर बोलपत्र अघि बढाएपछि छानबिन गर्न सार्वजनिक खरिद कार्यालयलाई अख्तियारको पत्र

● **रामबन्धु सुवेदी**, प्रवक्ता
सार्वजनिक खरिद अनुगमन कार्यालय



यस विषयमा अध्ययन गरी कानुनबमोजिम सिफारिस गर्न छानबिन समितिलाई एक साताको समय दिइएको छ। सिफारिसका आधारमा प्रहरीको बोलपत्रको विषयमा कार्यालयले निर्णय लिनेछ।



नवराज मैनाली/नयाँ पत्रिका

नेपाल प्रहरीको ठेक्का प्रक्रियामा मिलेमतोको आधार देखिएपछि सार्वजनिक खरिद अनुगमन कार्यालयले छानबिन समिति गठन गरेको छ। बुधबार उपसचिव विनोदकुमार कोइरालाको संयोजकत्वमा ६ सदस्यीय समिति गठन गरिएको हो।

नेपाल प्रहरीले विगतदेखि नै सामान आपूर्ति गरिरहेका केही कम्पनीले मात्र प्रतिस्पर्धा गर्न मिल्ने किसिमको प्रावधान राखेर बोलपत्र अघि बढाएपछि सार्वजनिक खरिद अनुगमनको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायत निकायमा उजुरी परेको थियो। अख्तियारले प्रारम्भिक अध्ययन गर्दा शंकास्पद देखिएको भन्दै विस्तृत छानबिन गर्न बुधबार सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पत्राचार गरेको थियो। आयोगको पत्र आएलगत्तै समिति गठन गरेको हो।

कार्यालयका प्रवक्ता सहसचिव रामबन्धु सुवेदीका अनुसार छानबिन समितिलाई सात दिनको समय दिइएको छ। 'यस विषयमा अध्ययन गरी कानुनबमोजिम सिफारिस गर्न छानबिन समितिलाई एक साताको समय दिइएको छ,' उनले भने, 'सिफारिसका आधारमा प्रहरीको बोलपत्रको विषयमा कार्यालयले निर्णय लिनेछ।'

प्रहरीले ५ र १२ साउनमा निकालेको बोलपत्रमा विगत तीन वर्ष कम्तीमा दुईपटक सामान आपूर्ति गरेको हुनुपर्ने सर्त राखिएको छ। जसअनुसार तीन वर्षयता सुरक्षा निकायलाई ठुलो मात्रामा सोही प्रकारका सामान आपूर्ति गरेका कम्पनीले मात्र बोलपत्रमा भाग लिन पाउनेछन्। नेपालमा ठुलो मात्रामा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले मात्र कपडा, जुत्तालगायत सामान ठुलो मात्रामा खरिद गर्छ।

पछिल्लो तीन वर्षमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा जय सलिना इन्टरप्राइजेज प्रालि, कोहिनुर टेक्सटाइल, क्रोनवाल बिजनेस ट्रेडर्सजस्ता कम्पनीले एकछत्र रूपमा ठेक्का हात पार्दै आएका छन्। यी कम्पनीका सञ्चालकमा ज्ञानेन्द्र बस्नेत र टोपेन्द्र बिसी छन्। बोलपत्रमा उनीहरूलाई मात्र मिल्ने गरी पछिल्लो तीन वर्षमा कम्तीमा दुईपटक सामान आपूर्ति गरेको हुनुपर्ने सर्त राखेपछि ठेक्कामा नीतिगत रूपमै मिलेमतो भएको आरोप लागेको हो। भ्रष्टाचार निवारण ऐनले ठेक्काको प्रतिस्पर्धालाई सीमित गर्नुलाई पनि भ्रष्टाचार भनेर व्याख्या गरेको छ।

प्रहरीको प्रबन्ध निर्देशनालयका कर्मचारी र केही ठेकेदारको मिलेमतोमा एक दशकदेखि ठेक्कामा मिलेमतो हुने गरेको छ। जसकारण ठेक्कामा खुला प्रतिस्पर्धा हुन नपाउने र केही निश्चित ठेकेदारले महँगो दररेटमा ठेक्का हात पार्ने गरेका छन्। मिलेमतो हुने भएकाले सामानको गुणस्तर पनि कमजोर हुने गरेको छ। प्रहरीका कपडा तथा जुत्ता केही हप्ता मात्र टिक्ने गरेकाले आफैँ खरिद गरेर लगाउनुपर्ने अवस्था रहेको गुनासो व्याप्त छ।

प्रहरीका पछिल्ला बोलपत्र हेर्दा अन्य कम्पनी प्रतिस्पर्धामा आए उनीहरूलाई प्राविधिक रूपमै फालिने गरेको छ। जसकारण आर्थिक प्रस्तावमा प्रतिस्पर्धा नै शून्य हुने गरेको छ। भए पनि एउटै समूहका कम्पनीबिच मात्र हुने गरेको छ।

गत वर्ष एक लाख २० हजार मिटर कटन सर्टको कपडाको ठेक्कामा ज्ञानेन्द्र बस्नेतको जय सलिना इन्टरप्राइजेजलाई मात्र प्राविधिक रूपमा पास गराइएको थियो। त्यस्तै, ११ हजार टप बुटमा जय सलिना र क्रोनवाल बिजनेस ट्रेडर्स मात्र पास भएका थिए। ६ हजार थान कोयर म्याट्सको ठेक्कामा जय सलिना र कोहिनुर टेक्सटाइललाई मात्र पास गराइयो। दुवै कम्पनी ज्ञानेन्द्र बस्नेतकै समूहको हो। त्यस्तै, सिनियर प्रहरीका लागि खरिद गरिएको दुई हजार पाँच सय थान ज्याकेटमा तेजसम् ट्रेड इन्टरप्राइजेज पास भएको छ। प्रहरीले पहिलोपटक सिनियर प्रहरी अधिकृतका लागि छुट्टै ज्याकेट खरिद गरेको हो। प्रहरीको स्केलमा नयाँ सामान खरिद गर्दा प्रहरी नियमावलीको अनुसूची संशोधन गर्नुपर्ने हुन्छ। तर, हालसम्म संशोधन गरिएको छैन। मिलेमतोमा ठेक्का गरी भुक्तानी भने दिइसकिएको छ।

यो वर्ष पनि तिनै कम्पनीलाई दिन लागिएको भन्दै अख्तियारलगायत विभिन्न निकायमा उजुरी परेको छ। अख्तियारले प्रारम्भिक अध्ययन गर्दा नै बोलपत्र पारदर्शी नदेखिएपछि आयोगले विस्तृत छानबिन गरेर जानकारी गराउन सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पत्राचार गरेको हो। बोत्रपत्रमा प्रस्ट रूपमै दुई-तीनवटा कम्पनीबाहेकले भाग लिन नपाउने प्रावधान रहेकाले सो टेन्डर रद्द वा संशोधन हुने सम्भावना देखिएको सार्वजनिक खरिद अनुगमन कार्यालयका एक अधिकारीले बताए।

सशस्त्र प्रहरीमा एकै कम्पनीलाई मात्र ठेक्का

सशस्त्र प्रहरीमा पनि तिनै व्यापारीले यो वर्षको ठेक्कामा सेटिङ गरेको आरोप लागेको छ। सशस्त्र प्रहरीको ठेक्कामा पनि पनि कम्तीमा दुईपटक त्यस्ता सामान आपूर्ति गरिसकेको हुनुपर्ने प्रावधान राखिएको छ। रकम नै तोकेर यस्तो प्रावधान राखेपछि ठेक्कामा नयाँ व्यवसायीलाई प्रवेश निषेध गरिएको छ। यस विषयमा पनि सार्वजनिक खरिद अनुगमन कार्यालयले छानबिन गर्ने तयारी गरेको छ।

सशस्त्र प्रहरीले १० हजार थान बुटसहित ३७ हजार स्पोर्टस् जुत्ता, १० हजार थान पार्का ज्याकेटलगायत सामान खरिदको टेन्डर निकालेको थियो। नेपाल प्रहरी र सशस्त्र प्रहरीमा केही वर्षयता एकै कम्पनीले मात्र ठेक्का पाउँदै आएका छन्। अन्य प्रतिस्पर्धी कम्पनीलाई मूल्यांकन समितिले फेल गराउने गरेको छ। सामानको नमुना ल्याबमा परीक्षण हुँदा पास हुने भए पनि मूल्यांकन समितिले सामान गुणस्तरीय नभएको भन्दै आँखाले हेरेर चाहेकोलाई पास र अन्यलाई फेल गराउने प्रणालीका कारण खरिदमा बेथिति मौलाएको छ।

उच्च अदालतका रिक्त न्यायाधीशमा २७ सिफारिस

शिल्पा कर्ण/नयाँ पत्रिका

न्यायपरिषद्ले उच्च अदालतका न्यायाधीशहरूमा २७ जनालाई सिफारिस गरेको छ। बिहीबार बसेको परिषद् बैठकले रिक्त रहेका २९ मध्ये २७ जनाको नाम सिफारिस गरेको हो। अब उच्चमा दुई मुख्य न्यायाधीश पद मात्र रिक्त छन्।



सोमबार नेपाल बार एसोसिएसनले उच्च तथा सर्वोच्चको न्यायाधीश नियुक्तिमा ५० प्रतिशत हिस्सा कानुन व्यवसायीको हुनुपर्ने माग गरेको थियो। साथै, न्यायपरिषद् नियमावली संशोधन खारेज नगरी नियुक्ति प्रक्रिया अघि नबढाउन भनेको थियो। यद्यपि, परिषद्ले उच्चका रिक्त पदमा नियुक्ति सिफारिस गरेकोमा ६० प्रतिशतहाराहारी जिल्ला न्यायाधीश परेका छन्। कानुन व्यवसायी पृष्ठभूमिका २२ प्रतिशत छन्।

सर्वोच्चमा एक, उच्चमा दुई मुख्य न्यायाधीश र जिल्ला अदालतमा १० न्यायाधीश नियुक्त गर्न बाँकी

अब जिल्ला अदालतमा १० र सर्वोच्चमा एक न्यायाधीश पद रिक्त छ। परिषद्ले ६ कानुन व्यवसायी र १६ जना जिल्ला न्यायाधीशलाई उच्चमा सिफारिस गरेको हो। बाँकी न्याय सेवाकै न्याय, कानुन र सरकारी वकिल समूहका कर्मचारीबाट सिफारिसमा परेका छन्।

धादिङ जिल्ला अदालतका गोपालप्रसाद बास्तोला, पर्वतका प्रकाश ढुंगाना, उदयपुरका दीपककुमार खरेल, गोरखाका शिवबहादुर रानाभाट, भक्तपुरका वासुदेव न्यौपाने, नवलपरासीका केशवप्रसाद अधिकारी र चितवनका रमेशप्रसाद ज्ञवालीलाई उच्च अदालत पाटनमा रहने गरी पदस्थापन गरिएको छ। पाटनमै पर्सा जिल्ला अदालतका दीपक खनाल, मकवानपुरकी जिल्ला न्यायाधीश अवनी मैनाली भट्टराईलाई पनि सिफारिस गरिएको छ। सर्वोच्च अदालतका सहरजिस्ट्रार अच्युत कुइँकेलालाई पनि सोही पदका लागि परिषद्ले सिफारिस गरेको छ।

कानुन व्यवसायी शर्मिला थापा विष्टलाई उच्च अदालत पाटनको हेटौँडा इजलासमा पदस्थापन हुने गरी सिफारिसको निर्णय भएको परिषद्का प्रवक्ता तथा सहसचिव अशोककुमार क्षेत्रीले जानकारी दिए। परिषद्का सचिव यमबहादुर बुढामगरलाई उच्च अदालत सुर्खेतको जुम्ला इजलासका लागि सिफारिस गरिएको छ।

परिषद्का अनुसार काठमाडौं जिल्ला अदालतका एक नम्बर न्यायाधीश कमलप्रसाद पोखरेललाई उच्च अदालत जनकपुर तथा उच्च सरकारी वकिलको कार्यालय पाटनका सहन्यायाधिवक्ता शंकर खत्रीलाई जनकपुरकै वीरगन्ज अस्थायी इजलासमा रहने गरी पदस्थापनको निर्णय भएको छ। ओखलढुंगा जिल्ला अदालतमा कार्यरत गिरीराज गौतमलाई दिपालयको महेन्द्रनगर इजलासका लागि तोकिएको छ।

गुल्मीका जिल्ला न्यायाधीश युवराज गौतमलाई विराटनगर उच्च अदालत अस्थायी इजलास ओखलढुंगामा पदस्थापन गर्ने निर्णय भएको छ भने सोही इजलासमा धनुषाका कानुन व्यवसायी अरुणकुमार पञ्जियारलाई पनि पदस्थापन गर्ने निर्णय भएको छ। दाङका न्यायाधीश तेजनारायण पौडेललाई तुलसीपुरको बुटवल इजलास तोकिएको छ भने कञ्चनपुरका कानुन व्यवसायी प्रतापसिंह ठकुराठी र कास्कीकी कानुन व्यवसायी निशा बानियाँलाई समेत सोही उच्च अदालतमा जिम्मेवारी दिने निर्णय परिषद्ले गरेको छ।

पाल्पाका न्यायाधीश दलबहादुर केसीलाई उच्च अदालत तुलसीपुरको नेपालगन्ज इजलास, कपिलवस्तुमा कार्यरत प्रकाशचन्द्र अधिकारीलाई उच्च अदालत दिपायल र मोरङका उद्धवप्रसाद भट्टराईलाई विराटनगरको धनकुटा इजलासमा पदस्थापन गरिएको छ। यसैगरी, उच्च अदालत पोखरामा रजिस्ट्रार रहेका खड्गराज अधिकारीलाई उच्च अदालत दिपायलमा रहने गरी परिषद्ले सिफारिस गरेको छ। दिपायलकै लागि कानुन व्यवसायी श्यामकुमार विश्वकर्माको नाम पनि सिफारिस गरिएको छ।

कानुन मन्त्रालयका सचिव कोमलबहादुर खत्री पनि उच्चका लागि सिफारिसमा परेका छन्। उनलाई उच्च अदालत सुर्खेतका लागि सिफारिस गरिएको हो। नवलपरासीका कानुन व्यवसायी बालकृष्ण गैरैलाई पोखराको बागलुङ इजलासको जिम्मेवारी दिने गरी सिफारिस तथा पदस्थापनको निर्णय भएको छ।

परिषद्को बुधबारको बैठकले नायब महान्यायाधिवक्ता टेकबहादुर घिमिरेलाई प्रशासकीय अदालतको अध्यक्ष पदमा नियुक्त गर्न सिफारिस गरेको थियो। न्याय सेवाका विशिष्ट श्रेणीमा काम गरेका घिमिरेलाई उक्त पदमा नियुक्त गर्न नेपाल सरकारलाई परामर्श दिने निर्णय भएको थियो। परिषद्को अध्यक्षमा प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत र सदस्यमा वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्ल छिन्। वरिष्ठ अधिवक्ताहरू दामोदार खड्का तथा महेश नेपाल सदस्य छन् भने संघीय कानुनमन्त्री अजयकुमार चौरसिया पनि सदस्य छन्।

स्वमूल्यांकन कार्यविधि अघि नबढाउन १० दलको चेतावनी

काठमाडौं/ कांग्रेस-एमालेबाहेकका १० दलले निर्वाचन आयोगले प्रस्ताव गरेको 'राजनीतिक दल स्वमूल्यांकन कार्यविधि, २०८२'को मस्यौदा अघि नबढाउन सचेत गराएका छन्। संविधान, विद्यमान कानुन, लोकतान्त्रिक मूल्य र विधिको शासन सञ्चालन गर्न आग्रह गर्दै दलहरूले अन्यथा राजनीतिक तथा कानुनी कदम चाल्न बाध्य हुने चेतावनी दिएका छन्।

निर्वाचन आयोगलाई संयुक्त असहमतिपत्र बुझाउँदै माओवादी, रास्वपा, राप्रपा, एकीकृत समाजवादी, जसपा, जसपा नेपाल, जनमत, लोसपा, नागरिक उन्मुक्ति र आजपाले संविधान र राजनीतिक दलसम्बन्धी ऐनको मर्मविपरीतको कार्यविधि अमान्य भएको बताएका हुन्। आयोगले संघीय संसद्को क्षेत्राधिकार अतिक्रमण गर्ने प्रयास गरेको समेत उनीहरूको दाबी छ।

एकीकृत समाजवादीका वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डेले निर्वाचन आयोग पुगेर कार्यविधि अस्वीकार्य हुने चारबुँदे कारणसहित संयुक्त सुझाव दर्ता गराएको जानकारी दिए।

प्रधानाध्यापक शिक्षक महासंघको सदस्य हुन नपाउने

शिवहरि घिमिरे/नयाँ पत्रिका

■ भदौ दोस्रो सातादेखि शिक्षक महासंघले आन्दोलन चर्काउने



लक्ष्मीकिशोर सुवेदी

शिक्षक बढुवा, काज, शिक्षक महासंघको भूमिकालगायत विषयमा उपसमितिले तयार पारेको प्रतिवेदन परिष्कृतसहित पास भएको छ। विद्यालय शिक्षा विधेयक तथा उपसमितिको प्रतिवेदनमाथि छलफल गर्न बिहीबार बसेको संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति बैठकमा प्रतिवेदन पास भएको हो।

उपसमितिको प्रतिवेदनमा शिक्षकहरूको बढुवा तीन प्रकारबाट गर्न सुझाव दिएकोमा छलफलसहित पारित गरिएको हो। बढुवा गर्दा कार्यसम्पादन र मूल्यांकनलाई जोड दिइएको छ। जसअनुसार आन्तरिक प्रतियोगिता, मूल्यांकन, कार्यसम्पादन र ज्येष्ठताका आधारमा बढुवा हुनेछ। प्रतिवेदनमा शिक्षक बढुवा, संस्थागत विद्यालयको छात्रवृत्ति, नेपाल शिक्षक महासंघको भूमिका, काजसरुवालगायत विषय समावेश छन्। त्यसमा समितिका सदस्यसँग राय-सुझाव लिएर टुंग्याइएको समिति सभापति अम्मरबहादुर थापाले बताए। उपसमितिको प्रतिवेदनमा शिक्षकको पदपूर्तिका सम्बन्धमा पनि नयाँ व्यवस्था गरिएकाले अब सबैलाई चित्त बुझ्ने उनको भनाइ छ।

सरकारले शिक्षा विधेयकलाई अघि नबढाएको र सहमति भएको मितिमा ऐन जारी नगरेको भन्दै शिक्षक महासंघले आन्दोलनको कार्यक्रम घोषणा गरेको छ। बिहीबार केन्द्रीय समितिको बैठक बसेर महासंघले भदौ दोस्रो सातादेखि आन्दोलन गर्ने निर्णय गरेको हो। महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले सरकारले ऐन ल्याउन नखोजेको र शिक्षकलाई धोका दिएको भन्दै पुनः आन्दोलनमा आउनुपरेको सुनाए। 'सरकार आफ्नो वचन र सहमतिमा चुक्यो, समयमा ऐन आएन, अझै पनि ऐन आउने अवस्था कमजोर बन्दै गएकाले आन्दोलनका कार्यक्रम घोषणा गरेका हौं,' उनले भने, 'आन्दोलनमा देशैभरका शिक्षकहरू आउनुहुनेछ।' उनका अनुसार ३ र ४ भदौमा आन्दोलनको रणनीति तय गर्ने सम्बन्धमा केन्द्रीय समितिको बैठक राखिएको छ।

थापाका अनुसार माध्यमिक तहमा ८० प्रतिशत खुला र २० प्रतिशत आन्तरिक प्रतियोगिताबाट पदपूर्ति गरिने व्यवस्था समितिले टुंग्याएको छ। प्रतिवेदनमा निजी विद्यालयमा पूर्ण छात्रवृत्ति अनिवार्य हुनुपर्ने प्रस्ताव गरिएको छ।

सांसदहरूले उपसमितिले ल्याएको प्रस्तावमा आपत्ति जनाएका थिए। समिति सदस्य रेखा शर्माले उपसमितिको प्रतिवेदनमा शिक्षक महासंघको सदस्य भएको विषयमा शिक्षकलाई र शिक्षकको काजसरुवाको विषयलाई व्यवस्थित बनाउनुपर्ने बताउँदै त्यसलाई थप प्रस्ट पार्न सुझाइन्। पूर्वशिक्षामन्त्री सुमना श्रेष्ठले शिक्षकको काजको विषय र शिक्षकले महासंघको राजनीति गर्दा उसले पढाउने अवस्था नभएकाले यसबारे सोचविचार गर्नुपर्ने बताइन्। उनले शिक्षकले कक्षा नै नलिई वा नपढाई बस्न नहुने र पढाउनैपर्छ भन्ने व्यवस्था पनि ल्याउनुपर्ने धारणा राखिन्। बैठकमा कांग्रेस प्रमुख सचेतक श्याम घिमिरे र रास्वपा सांसद श्रेष्ठबिच भनाभनसमेत चलेको थियो। श्रेष्ठले यसअघि १६ असारमा तयार पारेको उपसमितिको प्रतिवेदन पास गर्न रोकिएको भन्दै प्रश्न उठाइन्। उनले त्यसबारे बोल्दा कांग्रेस सांसद घिमिरेले प्रतिवाद गरे। छात्रवृत्तिका विषयमा पनि दुईजनाबिच भनाभन भएको थियो।

आठ कक्षामा पढ्ने छात्रा साथीहरूबाटै सामूहिक बलात्कृत

खोटाङमा **केदार लाफा**

कक्षा आठमा पढ्ने खोटाङकी १४ वर्षीया एक छात्रा साथीहरूबाटै सामूहिक बलात्कृत भएकी छिन्। विद्यालयबाट घर फर्कँदै गरेकी उनलाई कक्षा नौमा पढ्ने दुई छात्रले बलात्कार गरेका हुन्।

विद्यालयबाट घर फर्कने क्रममा 'तिमीसँग कुरा गर्नु छ' भन्दै अघिपछि लागेका दुईजनाले जंगलको बिचमा बाटो छेकेर रातभरि पालैपालो बलात्कार गरेको पीडितले बताएकी छिन्। '१९ साउनमा साढे ४ बजे विद्यालयबाट घर फर्कँदै थिएँ। एकजना दाजुले तिमीसँग कुरा गर्नु छ भने। मसँगै पढ्ने साथीहरू आ-आफ्नो घर गइसकेका थिए। एक्लै भएकाले छिटो-छिटो हिँडिरहेकी थिएँ,' उनी भन्छिन्, 'केही बेरमा उनीहरू दुईजना आए। बाटो छेकेर एकछिन हामीसँग बस भने। उनीहरूले अर्को एकजना भाइलाई चटपटे ल्याइमागेका रहेछन्। बसेर चटपटे खायौं। त्यति खाइसकेपछि बाटो नजिकै रहेको ओढारमा लगे। उनीहरूले मलाई बोल्न दिएनन्। त्यसपछि पालैपालो बलात्कार गरे। त्यसपछि के-के गरे थाहा छैन। बिहान होस खुल्दा एक्लै थिएँ।'

विद्यालय गएकी बालिका साथीहरूबाटै बलात्कृत भएको जानकारी पाएपछि आफन्तले २० साउनमा जिल्ला प्रहरी कार्यालय खोटाङमा किटानी जाहेरी दर्ता गराएका छन्। विद्यालयबाट घर फर्कँदै गरेकी बालिकालाई बाटो छेकेर सामूहिक बलात्कार गरेको पुष्टि भएपछि दोषीमाथि कानुनी कारबाहीको माग गर्दै प्रहरीमा किटानी जाहेरी दर्ता गराइएको बालिकाका आफन्तले बताएका छन्। बालिका बलात्कृत भएको उजुरी कार्यालयमा परेलगत्तै सोही राति बालिकाको स्वास्थ्य परीक्षण गराएर २१ साउनमा दुईजनाविरुद्ध किटानी जाहेरी दर्ता गरेको जिल्ला प्रहरी कार्यालय खोटाङका निमित्त प्रमुख प्रहरी निरीक्षक सुशान्त मिश्रले बताए।

विद्यालय गएकी बहिनी बेलुका अबेरसम्म नफर्किएपछि खोजी गर्दा भोलिपल्ट बिहान ५:३० बजे घरभन्दा करिब पाँच सय मिटरपरको राम्चेभिरस्थित ओढारमा झोक्राइरहेको अवस्थामा फेला पारेको बालिकाको दाजुले बताए। '१९ साउन विद्यालय गएकी बहिनी अबेरसम्म घर आइनन्। रातभर खोजी गर्‍यौं। फेला परिनन्,' उनले भने, 'ओढारभित्र एक्लै झोक्राएको अवस्थामा फेला परेकी बहिनीलाई सोध्दा एउटै विद्यालयमा पढ्ने दुईजना छात्रले बलात्कार गरेको बताइन्। नाबालक बहिनीमाथि बलात्कार गर्नेलाई कडाभन्दा कडा कारबाही हुनुपर्छ भनेर जाहेरी दिएका हौं।'

सम्पर्क कार्यालय खोलेर सक्रिय बन्दै पूर्वराष्ट्रपति भण्डारी

शुरोजंग पाण्डे/नयाँ पत्रिका

■ मदन भण्डारीको चुनावी प्रचार कार्यालय भाडामा लिएर हीरक जयन्तीको तयारी





■ निर्णय उल्ट्याउन विधान महाधिवेशनमा संगठित दबाब दिने रणनीति

राजनीतिमा सक्रिय बन्ने योजनामाथि 'ब्रेक' लगाउने एमाले केन्द्रीय कमिटीको निर्णयप्रति असहमति राखेर पछि नहट्ने सन्देश दिँदै आएकी पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले सम्पर्क कार्यालय खोलेकी छिन्। नयाँ बानेश्वर थापागाउँस्थित काठमाडौंका पूर्वउपमेयर विदुर मैनालीको भाडामा लिइएको घरलाई सम्पर्क कार्यालयका रूपमा प्रयोग गर्दै भण्डारी एमालेको आन्तरिक राजनीतिमा सक्रिय बन्न लागेकी हुन्। यसका लागि उनी संरक्षक रहेको मदन भण्डारी फाउन्डेसनले मदन भण्डारीको ७५औँ हीरक जयन्ती तयारी प्रयोजनका लागि मैनालीको घर भाडामा लिएको छ।

चारतले सो घरलाई बहुदलीय व्यवस्थापछिको ०४८ को पहिलो आमनिर्वाचनमा मदन भण्डारीले चुनावी प्रचारको कार्यालयका रूपमा प्रयोग गरेका थिए। दासढुंगामा जिप दुर्घटनाबाट मदनको अकल्पनीय निधन भएपछि सम्पन्न उपनिर्वाचनमा विद्याले सोही घरलाई चुनावी प्रचार कार्यालय बनाएकी थिइन्। चुनावमा उनले कांग्रेसका उम्मेदवार तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई पराजित गरेकी थिइन्।

मदनसँग जोडिएको पुरानो भावनात्मक सम्बन्धलाई निरन्तरता दिँदै त्यही कार्यालयबाट देशभरका नेता-कार्यकर्तासँग प्रत्यक्ष जोडिएर पूर्वराष्ट्रपति भण्डारी सक्रिय बन्न लागेको उनीनिकट नेताहरूले बताएका छन्। छिट्टै कार्यालय सञ्चालनमा ल्याउने गरी फाउन्डेसनले मर्मतसम्भार अगाडि बढाएको छ।

हीरक जयन्ती समितिका संयोजक बागमतीका संस्थापक मुख्यमन्त्री डोरमणि पौडेलले कार्यक्रम तयारीकै लागि घर भाडामा लिने तय भएको बताए। 'कार्यालय लिने भन्ने समझदारी थियो, मैले पनि मिडियाबाट कार्यालयका लागि फाउन्डेसनले घर भाडामा लिएको जानकारी पाएँ,' हेटौंडामा रहेका पौडेलले नयाँ पत्रिकासँग भने। पौडेलकै नेतृत्वमा ७५ सदस्यीय हीरक जयन्ती व्यवस्थापन समिति बनेको छ।

विधान महाधिवेशनबाट ६ साउनमा पार्टी केन्द्रीय कमिटीले पार्टी सदस्यता नवीकरण नगर्ने निर्णय उल्ट्याउन दबाब दिने मुडमा पूर्वराष्ट्रपति भण्डारी छिन्। आगामी २० देखि २२ भदौमा हुने विधान महाधिवेशनमा दुई हजारआसपास प्रतिनिधि छन्। भण्डारीले ओलीले केन्द्रीय कमिटीमा विशेष प्रस्तावमार्फत बहुमतबाट गराएको सदस्यता नवीकरण नगराउने निर्णयलाई बहुमत प्रतिनिधिको हस्ताक्षर जुटाएर वा विभिन्न प्रकारको दबाब दिएर उल्ट्याउन पनि सक्छिन्।

विधान महाधिवेशन तयारीकै सिलसिलामा बस्ने केन्द्रीय सचिवालय बैठकमा समेत भण्डारीले नेताहरूलाई सहमत गराएर निर्णय उल्ट्याउन सक्छिन्। अहिले उनी ओलीसँग सार्वजनिक रूपमा आलोचना गरेर आमने-सामने नलड्ने, तर ती सबै रणनीति प्रयोग गर्दै सक्रिय रूपमा अगाडि बढ्ने तयारीमा छिन्। निर्णय उल्टिएको अवस्थामा उनलाई राष्ट्रिय महाधिवेशनमा प्रतिनिधि बनेर सर्वसम्मत वा चुनिएर अध्यक्ष बन्ने ढोका खुला हुनेछ। अन्यथा उनले आफ्नो समर्थन र सक्रियतामा अरू नै नेताहरूको टिम खडा गरेर मात्र संस्थापन पक्षसँग प्रतिस्पर्धा गर्न सक्नेछिन्।

राजनीतिशास्त्रका प्राध्यापक कृष्ण पोखरेलले फाउन्डेसनकै माध्यमबाट पछिल्लो पार्टी निर्णय उल्ट्याउने गरी जनमत खडा गर्ने उद्देश्यले पूर्वराष्ट्रपति भण्डारी सम्पर्क कार्यालयमार्फत सक्रिय बन्न खोजेको हुन सक्ने बताए। 'उहाँले निर्णय बदल्न पार्टीभित्र जनमत सिर्जना गर्दै दबाब दिन मदन भण्डारी फाउन्डेसनलाई प्रयोग गर्न खोजेको अर्थमा बुझ्नुपर्छ,' उनले भने, 'उहाँले पार्टी फुटाउने होइन, फाउन्डेसनकै माध्यमबाट देशव्यापी सञ्जाल विस्तार गर्दै एमालेमा आफ्नो पक्षमा रहेका र बिचमा रहेका नेता-कार्यकर्तासँग संवाद गरेर जनमत खडा गर्न खोज्नुभएको हो।'

भण्डारीनिकट नेता विनोद ढकालले अहिलेको कार्यालय हीरक जयन्ती तयारीको मूल उद्देश्यले लिइएको बताए। 'उहाँले राजनीतिबाट ब्याक नहुने कुरा पत्रकार सम्मेलनबाटै प्रस्ट पारिसक्नुभएकाले अरूले थप प्रतिक्रिया जनाइराख्न आवश्यक परेन। तर, बानेश्वरको कार्यालय हीरक जयन्ती तयारीका लागि मदन भण्डारी फाउन्डेसनले भाडामा लिएको हो,' उनले भने, 'उहाँ हीरक जयन्ती मूल व्यवस्थापन समितिको संरक्षक हो। समितिले दुई वर्ष हीरक महोत्सव मनाउने सिलसिलामा मदन भण्डारी र जबजका विषयमा युवा, विद्यार्थी, महिलालगायत थुप्रै क्षेत्रमा विभिन्न किसिमका अन्तर्क्रियालगायत कार्यक्रम आयोजना गर्ने निर्णय गरेको छ। खासमा त्यसैको तयारीका लागि कार्यालय लिइएको हो।'



उहाँ (भण्डारी)ले राजनीतिबाट ब्याक नहुने कुरा पत्रकार सम्मेलनबाटै प्रस्ट पारिसक्नुभएकाले अरूले थप प्रतिक्रिया जनाइराख्न आवश्यक परेन। तर, बानेश्वरको कार्यालय हीरक जयन्ती तयारीका लागि मदन भण्डारी फाउन्डेसनले भाडामा लिएको हो।

● **विनोद ढकाल**, एमाले नेता



उहाँ (पूर्वराष्ट्रपति)ले पार्टी फुटाउने होइन, फाउन्डेसनकै माध्यमबाट देशव्यापी सञ्जाल विस्तार गर्दै एमालेमा आफ्नो पक्षमा रहेका र बिचमा रहेका नेता-कार्यकर्तासँग संवाद गरेर जनमत खडा गर्न खोज्नुभएको हो।

● **कृष्ण पोखरेल**, राजनीतिक विश्लेषक

भण्डारीका स्वकीय सचिव राजकुमार राईले फाउन्डेसनले गर्ने कार्यक्रमका सन्दर्भमा देशभरिबाट आउने नेता-कार्यकर्तासँग सामान्य र भेटघाटका लागि कार्यालय व्यवस्था गरिएको जानकारी दिए।

एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले हीरक जयन्ती मनाउने कार्यक्रम तय गर्नु राम्रै कुरा भए पनि पार्टीलाई औपचारिक जानकारी नभएको बताए। 'मदन भण्डारीसँग जोडिएर हीरक जयन्ती कार्यक्रम हुँदै छ भने राम्रै कुरा हो। तर, फाउन्डेसनले त्यसैका लागि कार्यालय खोलेको वा खोल्न लागेको विषयमा पार्टीलाई कुनै औपचारिक जानकारी छैन। त्यसैले यसमा अहिले कुनै प्रतिक्रिया छैन,' उनले भने, 'व्यक्तिले आफ्नो सहजताका लागि, भेटघाटका लागि, कुराकानीका लागि कार्यालय खोल्न सक्छ, अरू कुरा जानकारी छैन।'

कर्मचारी आवश्यकता

यस नबिल बैंक लिमिटेडको काठमाण्डो, बाग्लुङ, वितामोड, मलंगवा, घोराही, सुर्खेत र फिदिम स्थित शाखा कार्यालयहरुबाट सुन कर्जा सेवा विस्तार गर्नका लागि योग्य नेपाली नागरिकहरूबाट करार सेवामा सुन जाँचकी (Gold Tester) पदमा दरखास्त आह्वान गरिएको छ। इच्छुक तथा योग्य उम्मेदवारहरूले आफ्नो विस्तृत बायोडाटा (Bio-Data) र तोकिएको आवश्यक कागजातहरू सहित www.nabilbank.com/career मा गई अनलाइन माध्यमबाट आफ्नो आवेदन दिन सक्नुहुनेछ।

आवश्यक योग्यता तथा शर्तहरु:

- एसएलसी/एसइइ (SLC/SEE) उत्तिर्ण गरेको।
- नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त क, ख वा ग वर्गका बैंक तथा वित्तीय संस्थामा कम्तीमा ५ वर्ष सुन जाँचकी (Gold Tester) को रुपमा काम गरेको।
- दरखास्त दिने मितिसम्म कम्तीमा ३० वर्ष पुगि सकेको हुनुपर्नेछ।
- प्राप्त दरखास्तहरू मध्ये प्रारम्भिक छनोटमा परेका उम्मेदवारहरूलाई मात्र दोस्रो चरणका लागि सम्पर्क गरिनेछ।
- कुनै वा सबै दरखास्तहरू अस्वीकार गर्न सक्ने अधिकार बैंकमा सुरक्षित रहनेछ।
- छनोट प्रक्रियाको कुनै पनि चरणमा सिफारिस, दबाव वा अनुचित प्रभाव पार्नखोजेमा उम्मेदवार स्वतः अयोग्य ठहरिनेछन्।
- आवेदन दिने अन्तिम मिति २०८२ भाद्र ५ गते सम्म।

NABIL BANK®
मानव संसाधन विभाग, घण्टाघर, काठमाडौं, फोन नं. ०१-५९७१८७१

न्यायमा पहुँच : लोकतन्त्रको मेरुदण्ड

न्यायमा सहज र भरपर्दो पहुँच भए मात्र लोकतन्त्रले दिनुपर्ने कानुनी राज्यको सुरक्षाकवचको महसुस गर्न सकिन्छ



● सुमना श्रेष्ठ

अग्रलेख

नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ कानुन समितिमा छलफल हुँदै छ। हेर्दा यो विधेयक त कानुन व्यवसायीका लागि मात्रै होला भनेर आमनागरिकको चासोको विषय नबन्ला, तर एकपटक यी प्रश्नको उत्तर सहजै तपाईंलाई आउँछ कि आउँदैन ? घर-जग्गामा अदालत जानुपऱ्यो भने कुन वकिलसँग परामर्श गर्नुहुन्छ ? विदेशमा भएकी तपाईंकी दिदीले नेपालमा केही लगानी गर्छु भन्नुहुन्छ, तर कसरी गर्ने लगानी ? कोसित परामर्श गर्ने ? तपाईंको कम्पनीले काटेको चलानीअनुसार ग्राहकले सामान/सेवा लग्यो तर शुल्क/मूल्य तिरेन, कसरी कानुनी रूपमा जाने ? चाहे त्यो व्यक्तिगत होस् वा संस्थागत, कानुन व्यवसायी चाहिएको खण्डमा तपाईंको पहिलो फोन कसलाई जान्छ ? अब सोच्नुस्, तपाईं मिटरब्याजपीडित हुनुहुन्छ, भोजपुरी बोल्नुहुन्छ, नेपाली राम्ररी बुझ्नुहुन्न, सहरमा नभई गाउँमा बस्नुहुन्छ। यस्तो अवस्थामा के गर्नुहुन्छ ? कति पैसा लाग्छ, कानुनी यात्रा कति लामो हुन्छ, तपाईंको केसमा औसतमा, तपाईंले सोचेका कानुन व्यवसायी कुनै अनुशासनको कारबाहीमा पर्नुभएको छ कि, सफलताको दर कति हो ? तपाईंलाई कसैले सिफारिस गऱ्यो भने पनि कसरी निर्णय लिनुहुन्छ ? यसैकारण नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ को विधेयक सबै नागरिक तथा समाजका अग्रज र अगुवाहरूको चासोको विषय बन्नुपर्छ। आखिर न्यायमा सहज र भरपर्दो पहुँच भए पो लोकतन्त्रले दिनुपर्ने कानुनी राज्यको सुरक्षा कवचको महसुस गर्न सकिन्छ। होइन भने गरिबलाई ऐन नै ऐन भनेजस्तो भान हुन्छ।

परिषद्को नेतृत्व

बार काउन्सिल नागरिक र न्यायिक प्रणालीबिचको एक संस्थागत पुल हो। न्यायिक सेवाको गुणस्तर सुनिश्चित नगरी न्यायमा पहुँच सम्भव हुँदैन। कानुनी पेसाको ढोका खोल्ने, त्यो ढोका पार गर्न योग्य र नैतिक व्यक्ति तयार पार्ने र उनीहरूलाई सेवाग्राहीसामु जवाफदेही बनाउने काम यही संस्थाले गर्छ। जब जनताले कानुनी सेवा खोज्छन्, उनीहरूको पहिलो सम्पर्कबिन्दु वकिल हो र ती वकिलको गुणस्तर, जिम्मेवारीबोध र आचरणको मेरुदण्ड के हो भन्ने निर्धारण बार काउन्सिलकै निर्णय र संरचनाले गर्छ। यस संस्थाको भूमिका केवल वकिललाई प्रमाणपत्र दिनुमा मात्र सीमित छैन, वकिलको आचारसंहिता, शैक्षिक मापदण्ड, निरन्तर तालिम र अनुशासनात्मक निगरानीजस्ता पक्ष पनि परिषद्कै सक्रियतामार्फत व्यवस्थापन हुन्छन्। यस्तो संरचनाले सेवाको गुणस्तर सुनिश्चित गर्ने माध्यमबाट न्यायमा पहुँचलाई सशक्त, भरोसायोग्य र समावेशी बनाउँछ। कानुनी सेवा नागरिकका लागि पहुँचयोग्य, पारदर्शी र उत्तरदायी छ भने मात्र न्यायको अनुभूति समाजभर फैलिन सक्छ। त्यसैले बार काउन्सिलको निष्पक्षता, संस्थागत पारदर्शिता र जवाफदेहिता भनेकै गुणस्तरीय कानुनी सेवामार्फत न्यायमा पहुँचको आधारभूत पूर्वाधार हो। परिषद् स्वनियमनको आधारभूत ढाँचा आज राजनीतिक हस्तक्षेप, हरेक वर्ष पेसागत जवाफदेहिता बढाउँदै लान सक्छु भन्ने विश्वासको अभाव र पुरानो संरचनात्मक सोचले ग्रसित छ। परिणामस्वरूप, परिषद् लोककल्याणकारी संस्था हुनुपर्नेमा, आज यसमा राजनीतिक दल हाबी भएको महसुस हुन्छ।

सरकारको वकिल अर्थात् महान्यायाधिवक्तालाई परिषद्को अध्यक्ष बनाउने हालको प्रावधानले न्यायिक स्वायत्ततामा सम्भावित राजनीतिक प्रभावको चर्चा गर्नुपर्ने आवश्यकता देखिन्छ। हरेकपटक सरकार बदलिँदा महान्यायाधिवक्ता पनि बदलिन्छ। नेतृत्वमा स्थायित्व नहुँदा त्यो संस्थाको सांगठनिक संस्कार बन्ने सक्दैन। परिषद्को नेतृत्व कसले गर्छ भन्ने सेवाग्राहीका आँखाबाट पनि सोचौँ र परिवर्तन गरौँ। यस अवस्थालाई सन्तुलनमा ल्याउन, नेतृत्वमा राजनीतिक हस्तक्षेपको जोखिम घटाउने र एउटै समूहको अत्यधिक प्रभाव रोक्ने संस्थागत सुधार अपरिहार्य छ। त्यसका लागि हालको व्यवस्थाभन्दा परिषद्को अध्यक्ष कानुनी अभ्यासमै सक्रिय, सबैभन्दा वरिष्ठ अधिवक्तालाई बनाउने व्यवस्था एउटा विकल्प हुन सक्छ कि ? यसले पेसागत हैसियतमा आधारित नेतृत्व सुनिश्चित गर्छ, स्वतन्त्र हुन्छन् भन्ने एउटा झिनो आशा जगाउँछ। साथै, यस्तो संरचना बनाउँदा कार्यकाललाई पनि स्पष्ट र सीमित गर्नुपर्छ। अध्यक्षको कार्यकाल पाँच वर्षको रहने र एउटै व्यक्तिले केवल एकपटक मात्र यो पद सम्हाल्न सक्ने व्यवस्था अवलम्बन गर्नु जरुरी छ। नेपालमा अधिवक्ताले प्रायः औपचारिक अवकाश नलिने प्रचलन रहेकाले कार्यकालमा सीमा नराख्दा एकै व्यक्तिले दीर्घकालसम्म नेतृत्व ओगट्ने परिस्थिति बन्ने खतरा रहन्छ।

व्यवसायमा पारदर्शिता

कानुनी पेसाको पारदर्शिता र उत्तरदायित्व अझ मजबुत बनाउने अर्को उपाय भनेको वकिल र कानुनी फर्मको कार्यप्रणालीलाई नियमित रूपमा सार्वजनिक रूपमै अद्यावधिक गर्नु हो। उदाहरणका लागि फर्ममा कार्यरत कर्मचारी संख्या, वकिलले सम्हालेका मुद्दाको संख्या, अनुशासनसम्बन्धी कारबाहीका विवरण नियमित रूपमा प्रकाशित गर्ने अभ्यास संस्थागत गरिनुपर्छ। ०८० मा नेपाल बार एसोसिएसनद्वारा गरिएको अध्ययनले देखाउँछ कि नयाँ वकिलमध्ये ८०.४२ प्रतिशतले न्यूनतम पारिश्रमिकभन्दा कम तलबमा काम सुरु गरेका थिए, र ५७.८३ प्रतिशतले कुनै तलब नै नपाई श्रम गर्नुपरेको थियो। यस्तो दुरुपयोग अन्त्य गर्न पारदर्शिता पहिलो सर्त हो। क्यानडा र अमेरिकाजस्ता देशमा कानुनी पेसासम्बन्धी यस्ता तथ्यांक सार्वजनिक वेबसाइटमार्फत हेर्न सकिने प्रणालीले वकिल र सेवाग्राहीबिचको दूरी घटाएको छ। नेपालमा पनि यस्तो व्यवस्था लागू गर्न सकिन्छ।

> महान्यायाधिवक्तालाई कानुन व्यवसायी परिषद्को अध्यक्ष बनाउने हालको प्रावधानले न्यायिक स्वायत्ततामा सम्भावित राजनीतिक प्रभाव पर्न सक्छ। हरेकपटक सरकार बदलिँदा बदलिने महान्यायाधिवक्ताको नेतृत्वमा स्थायित्व नहुँदा त्यो संस्थाको सांगठनिक संस्कार बन्नै सक्दैन।

सेवाग्राहीले तिर्ने शुल्कका सन्दर्भमा पारदर्शिता र मापदण्डमा आधारित प्रणाली आवश्यक छ। शुल्क निर्धारण वकिलको अनुभव, मुद्दाको जटिलता र काममा लाग्ने समयका आधारमा स्पष्ट रूपमा गरिनुपर्छ र त्यो जानकारी वकिल वा फर्मले सार्वजनिक रूपमा उपलब्ध गराउनुपर्छ। यस्तो व्यवस्थाले सेवाग्राहीलाई कानुनी सेवा उपभोग गर्नुअघि अपेक्षित खर्चको पूर्वानुमान गर्न, निर्णयमा भरोसा गर्न र आर्थिक सुरक्षा महसुस गर्न सहयोग गर्छ। जर्मनी र जापानमा यस्ता प्रणाली प्रभावकारी रूपमा लागू छन्। विशेषतः जर्मनीमा वकिलले शुल्क निर्धारण या त राज्यद्वारा तोकिएअनुसार वा सेवाग्राहीसँगको स्पष्ट सहमतिमा गर्छन्, जसले पारदर्शिता मात्र होइन, पेसागत उत्तरदायित्वलाई पनि संस्थागत बनाउँछ।

कानुनी पेसामा श्रम अधिकार सुनिश्चित गर्न श्रम विभागले कानुनी फर्ममा कार्यरत इन्टर्न र सहयोगीको पारिश्रमिकको नियमित अनुगमन गर्नुपर्ने व्यवस्था पनि आवश्यक छ। खासगरी नवप्रवेशी वकिललाई अनुभवका नाममा निःशुल्क श्रम गराउने प्रवृत्तिमा नियन्त्रण ल्याउन यो उपाय प्रभावकारी माध्यम बन्न सक्छ।

अनुशासन समिति

वर्तमान ऐनको सबैभन्दा आवश्यक सुधारमध्ये एउटा हो- पूर्णकालिक, स्वतन्त्र अनुशासन समिति गठन गर्नु, जसमा अवकाशप्राप्त न्यायाधीश, नागरिक समाजका प्रतिनिधि र कानुनी क्षेत्रमा गैरअभ्यासरत विज्ञहरू समावेश हुनेछन्।

अहिलेको जस्तै केवल वकिलहरूमै आधारित समितिले सामूहिक पूर्वाग्रह जन्माउँछ, जसले निष्पक्ष निर्णय र जवाफदेहितामा बाधा पुऱ्याउँछ। ०८१ मा एक वकिलविरुद्धको घुसकाण्डमा बार काउन्सिलले केवल चेतावनीमा टुंग्याएको घटना यसकै उदाहरण हो। यस्ता गम्भीर मुद्दामा पनि कमजोर कारबाही हुँदा जनविश्वास धराशयी हुँदै आएको छ।

संयुक्त राष्ट्र संघको १९९० को 'बेसिक प्रिन्सिपल्स अन दि रोल अफ लयर्स'ले अनुशासन समितिहरू निष्पक्ष र स्वतन्त्र हुनुपर्छ भनेको छ। यसमा बाह्य निरीक्षणको प्रावधान, न्यायिक पुनरावलोकन र नागरिकलाई पूर्ण रूपमा जानकारी दिने प्रावधान चाहिन्छ।

निरन्तर कानुनी शिक्षा

कतिवटा कानुन बन्यो मात्रै होइन, बनेको कानुनले नागरिकलाई सुरक्षा कवच प्रदान गरेको छ कि छैन, यो पनि उत्तिकै महत्त्वपूर्ण आयाम हो। मिटरब्याजविरुद्धको कानुनले कतिजना मिटरब्याजपीडितलाई सुरक्षा कवच दिएको छ ? सदनमा धेरै नयाँ कानुन बन्दै गर्दा निरन्तर कानुनी शिक्षा अनिवार्य गरिनु आजको आवश्यकता मात्र होइन, सुधारको अपरिहार्य बाटो पनि हो। सरकारलाई घचघच्याउन यो एकदम महत्त्वपूर्ण पहलकदमी हुनेछ।

प्रत्येक पाँच वर्षमा अनलाइन माध्यमबाट सहज रूपमा दिन मिल्ने पुनः प्रमाणीकरण परीक्षा प्रणालीले वकिलहरूको अद्यावधिक ज्ञान सुनिश्चित गर्छ, पेसागत सशक्तीकरणलाई संस्थागत बनाउँछ र सेवाग्राहीको हितमा गुणस्तरीय सेवा प्रवाहलाई प्रवर्द्धन गर्छ। यो परीक्षा कुनै नकारात्मक फिल्टरका रूपमा होइन, वकिलहरूको क्षमता अभिवृद्धिका लागि सहुलियतसहितको मूल्यांकन प्रणालीका रूपमा कार्यान्वयन गर्न सकिन्छ।

नेपालमा कानुनी सेवा प्रणालीको पुनर्संरचना र जवाफदेहिताको आवश्यकता तीव्र रूपमा महसुस भइरहेको सन्दर्भमा यसले कानुन व्यवसायलाई एक गतिशील, उत्तरदायी र गुणस्तरीय सेवाप्रदायक प्रणालीतर्फ रूपान्तरण गर्न सहयोग पुऱ्याउँछ।

अन्त्यमा, हाम्रो कानुनी संयन्त्रमा धेरै सुधार चाहिन्छ। नेपाल कानुन व्यवसायी परिषद् यसको एउटा पाटो हो। संशोधन विधेयक समितिमा छलफल चलिरहँदा धेरैभन्दा धेरै नागरिक र अगुवाले चासो लिने हो भने यसमा सुधार गर्न सकिन्छ। लोकतन्त्र केवल निर्वाचन, बहस वा बहुमतमा सीमित हुँदैन। निर्वाचनमार्फत प्रतिनिधि चयन गर्नु लोकतन्त्रको एउटा प्रक्रिया हो, जसको आत्मा भनेको सबैलाई समान तरिकाले लागू हुने कानुनी राज्य हो।

राज्यको कानुनी संयन्त्रमा समान पहुँच र गुणस्तरयुक्त सेवा प्राप्तिको प्रत्याभूति दिनु हो। लोकतन्त्रको वास्तविक मूल्य तब मात्र सुनिश्चित हुन्छ, जब आमनागरिकले आफ्नो अधिकारको संरक्षण गर्न, अन्यायको विरोध गर्न र न्याय खोज्न पाउँछन्। जसरी शिक्षा दिन शिक्षक चाहिन्छ, त्यसरी न्यायमा पहुँच बनाउन, सहज रूपमा योग्य, उत्तरदायी र उचित मूल्यमा कानुनी सेवा प्रदायक चाहिन्छन्।

(श्रेष्ठ पूर्वशिक्षामन्त्री हुन्)



३ प्रश्न

वरिष्ठ अधिवक्ता **रामनारायण बिडारी**लाई



राजनीतिक दल स्वमूल्यांकन कार्यविधि भनेको के हो ?

ऐन बनाउँदा सांसदले ढंग नपुऱ्याउँदा या दलहरूले लापरबाही गर्दा विभिन्न समस्या आउँछन्। खासगरी, ऐन बनाउँदा त्यसमा तोकिएबमोजिम भनिदिने जुन व्यवस्था छ, त्यसको आडमा यस्ता अनेकौँ काम भइरहेका हुन्छन्। राजनीतिक दलसम्बन्धी ऐन २०७३ को एउटा दफामा कार्यविधि, निर्देशिका र अर्को दफामा नियमावली बनाउन सकिने व्यवस्था राखिएको रहेछ। त्यसैअनुरूप आयोगले दर्जनौँ कार्यविधि, निर्देशिका बनायो भने सरकारले नियमावली बनायो। सरकारको कमजोरीका कारण आयोगले प्रत्यायोजित विधेयकअनुरूप आफ्नो अधिकार बढाउने र राजनीतिक दलहरूको अधिकार घटाउने गरी कार्यविधि बनाएछ। यसले राजनीतिक दलहरूको मूल्यांकन गर्ने, अनुगमन गर्ने, नियन्त्रण गर्ने, अंक दिएर पास या फेल गर्ने, राम्रो या नराम्रो दल भनेर किताकाट गर्नेलगायत प्रावधान समेटेको रहेछ। यो व्यवस्था संविधान र राजनीतिक दलसम्बन्धी ऐनको दफा १६ सँग पनि बाझियो। कार्यविधिका नाममा आयोगले वैकल्पिक ऐन नै बनाएको छ। सारभूत कुरा कार्यविधिमा हुँदैन, ऐनमा हुन्छ। उसले दलहरूको अनुगमनका लागि समिति बनाउने व्यवस्थासमेत राखेको छ। यसबाट उसको नियतमा खोट छ भन्ने प्रस्ट देखिन्छ।

यो कार्यविधिले दलहरूमा कस्तो प्रभाव पार्ला त ?

यो कार्यविधि प्रथम दृष्टिमै बदरभागी छ। यसले संसद्को अधिकारमाथि समेत हस्तक्षेप गरेको छ। त्यसैले, यो कार्यविधि लागू हुने सक्दैन। अदालत गए उसैले बदर गरिदिन्छ। संसद्ले नै पनि बदर गर्न सक्छ। निर्वाचन आयोग आफैँले फिर्ता लिए राम्रो हुन्छ। यो कार्यविधि आउँदै आउँदैन र आए पनि कार्यान्वयन हुन सक्दैन। त्यसैले, दलहरूमा यसको कुनै प्रभाव पर्दैन।


आयोगले यस्तो कार्यविधि किन ल्याउन लागेको होला त ?

सायद पहिले उसलाई कांग्रेस र एमालेले उक्साए होला। तर, अहिले सर्वत्र विरोध भइसकेपछि उनीहरूले पनि विरोध गरिसकेका छन्।

प्रेरक प्रसंग

बालकको सपना

एक गरिब परिवारका बालक सानैदेखि वैज्ञानिक बन्ने दाबी गरिरहन्थे। उनको परिवार निकै गरिब भएकाले उनीहरूले आफ्नो छोराको रहर पूरा गर्न राम्रो शिक्षादीक्षाको व्यवस्था गर्न सक्दैनथे। तर, बाल्यकालदेखि नै वैज्ञानिक बन्ने सपना पालेका ती बालक भने जसरी भए पनि आफ्नो रहर पूरा गरिछाड्ने सुरमा थिए। 'यसलाई कुनै वैज्ञानिककहाँ लगेर छाडिदिन पाए यसको चाहना पूरा हुन सक्थ्यो कि ? विज्ञान पढाउने क्षमता त ममा छैन,' ती बालककी आमाले एक दिन मनमनै सोचिन्। त्यसपछि ती आमाले सो बालकलाई एक चर्चित वैज्ञानिकको कार्यालयमा लिएर गइन्। वैज्ञानिकको कार्यालयमा पुगेपछि ती बालककी आमाले बालकको रहरबारे सम्पूर्ण विवरण वैज्ञानिकसामु बताइन्। ती महिलाको भनाइ धैर्यपूर्वक सुनिसकेपछि ती वैज्ञानिकले बालकलाई एउटा कुचो दिएर आफ्नो प्रयोगशाला सफा गर्न अह्राए। ती बालकले बडो राम्री त्यो प्रयोगशाला सफा गरे। कुनै कुनामा पनि फोहोर छाडेनन्। सफाइ गरिसकेपछि सारा सामान जहाँको त्यहीँ मिलाएर राखिदिए।



वैज्ञानिकले यो सब देखेपछि भने, 'यो बालकमा वैज्ञानिक बन्न सक्ने सारा गुण छ। तपाईंले उसलाई मेरो कार्यालयमा छोडिदिनुस्। एक दिन यो अवश्य वैज्ञानिक बन्नेछ। सफाइ र व्यवस्थाले मानिसको व्यक्तित्व विकासको क्षमता बढ्छ र त्यसैबाट उसको स्तरबारे पनि थाहा हुन्छ।' नभन्दै ती बालक तिनै वैज्ञानिकको कार्यालयमा काम गर्दागर्दै चर्चित वैज्ञानिक बन्न सफल भए। ती बालक अरू कोही नभएर महान् वैज्ञानिक थोमस अल्बा एडिसन थिए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

पूरै देश भागबन्डा लगाउने कि ?


नेपाल बारले माग्यो न्यायाधीशमा ५०% 'हिस्सा'
नियमावली संशोधन खोजेर गर्न न्यायपरिषद्को ध्यानाकर्षण
● नेपाल बार भन्छ-

हुन्छ हुन्छ, राज्य सञ्चालन गर्ने सम्पूर्ण संयन्त्र भागबन्डामा गच्छेअनुसार बाँडेर लिए हुन्छ। अनि पो आफू र आफ्नाअनुकूल फैसला आउँछन्। लुट्न र लुटाउन जहाँसुकै जस्तोसुकै अपराध गरे पनि छुट हुन्छ। न्याय, कानुन र प्रशासन भनेको त दीनदुःखी, सर्वहारा, निमुखा वर्गमाथि लाद्न र फरक विचार राख्नेहरूमाथि प्रतिशोध साध्न पो बनेको हो, होइन त ?

● **महेश अधिकारी**

यसबाट झन् विकृति बढ्छ र अझ बढी वकिलको राजशाही, तानाशाही र लुटतन्त्रशाही बढ्न थाल्छ अदालतमा।

● **जितेन्द्र यादव**

यसरी राजनीतिक दर्शन र सिद्धान्त बोकेकाहरूलाई वकिल भएकै नाममा कुनै प्रतिस्पर्धाविना न्यायाधीश नियुक्त गर्दै जाँदा अब उच्च र सर्वोच्च अदालतमा अझ बढी दलको इजलास गठन हुने देखिन्छ।

● **भुवन केसी**

त्यो पनि गलत माग हो। सबै खुला प्रतिस्पर्धाबाट ल्याइनुपर्छ। भागबन्डाले बिग्रेको छ, सच्याउन सक्ने जमात चाहियो।

● **कृति केसी**

योग्यता, क्षमता, विज्ञता, दक्षता, कार्यकुशलताको मतलब छैन भने प्रतिस्पर्धाको त झन् के अर्थ भयो र !

● **गोपाल आचार्य**

कति राजनीतिक पार्टीको मात्र भागबन्डा लाग्नु त झन् बार एसोसिएसनको त झन् हकै लाग्छ नि !

● **लव ताम्राकार**

बारबाटै गएका न्यायाधीशका कारण न्यायपालिका बदनाम भइरहेको छ ! यी सबलाई लोकसेवा आयोगले परीक्षा लिनुपर्ने व्यवस्था जसरी पनि गराउनैपर्छ। अनि थाहा हुन्थ्यो।

● **युनिक केशव**

(नयाँ पत्रिका फेसबुकबाट)

प्रतिवेदन पूर्ण कार्यान्वयन गरियोस्

कम्बोडियाबाट पक्राउ गरी नेपाल ल्याइएको मितेरी सहकारीका रकम अपचलनकर्ता ज्योतिबहादुर भण्डारी थुनामा परेको लामो समय हुँदासमेत उनले के बयान दिए ? कांग्रेस नेता धनराज गुरुङलाई पोले कि पोलेनन् ? धनराजकी श्रीमतीबारे बोले कि बोलेनन् ? भन्नेबारे आमजनतालेे कुनै सूचना पाउन सकेका छैनन्। न सरकारले बताएको छ, न त मिडियाले नै फलोअप गरेका छन्। भण्डारीले धनराजकी श्रीमती ज्योति गुरुङलाई प्रयोग गरी सहकारीको ठुलो रकम अपचलन गरेको सुनिएको छ। हाल ज्योति गुरुङ भागेर बेलायत गएको तथ्य बाहिर आएको छ। उनलाई पनि पक्राउ गरी नेपाल ल्याउन सके सहकारीका अन्य ठग पनि कानुनी घेरामा आउँथे।

तर, यतिखेर मुलुकमा एउटै देशमा दुइटा कानुन र दुइटा व्यवहार देखिँदा धनराजमाथि अनुसन्धान होला भन्ने लाग्दैन। किनकि, उनी परे सत्ताधारी कांग्रेस दलका उपसभापति र सांसद। धनराज मात्र होइन, अर्की सांसद माया राई सहकारी सञ्चालक नै भए पनि १० लाख धरौटीमा छुटिन्, तर सत्ताबाहिरका भने सञ्चालक नै नभएकाहरू पनि थुनामा छन्। के यही हो न्यायमा समानता ?

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, काठमाडौं
gopaldevkota@gmail.com

सत्ताको आडमा पत्रकारितामाथि घेराबन्दी

मोदी सरकार आलोचक मिडियामाथि दबाब सिर्जना गर्न सञ्चालकलाई आर्थिक धम्की र पत्रकारलाई व्यक्तिगत दण्ड दिने रणनीति अपनाइरहेको छ



देश/विदेश

● पी रमण

आदि शंकरले दुई तहको सत्यको प्रतिपादन गरेका थिए। पहिलो सर्वसाधारणले देख्ने सत्य हो भने दोस्रो ब्रह्मलाई साक्षात्कार गरेका व्यक्तिले अनुभूति गर्ने सत्य हो। पहिलो तात्कालिक वा क्षणिक हुन्छ र दोस्रो शाश्वत हुन्छ। तर, नरेन्द्र मोदीको भारतमा तीन तहको सत्य पाइन्छ। पहिलो- आज्ञाकारी मूलधारका सञ्चारमाध्यमले प्रस्तुत गर्ने सत्य हो, जसले सार्वजनिक धारणा निर्माण गर्छ। दोस्रो- वैकल्पिक सञ्चारमाध्यमले वेब पोर्टल, युट्युब र सामाजिक सञ्जालमार्फत प्रस्तुत गर्ने प्रतिपक्षी दृष्टिकोण हो। र, तेस्रो- वास्तविकतामा के भएको थियो भन्ने सत्य हो।

जब आधा-अधुरा वाचाको थुप्रो लाग्छ, सर्वसत्तावादी शासनले सूचना स्वतन्त्रता नियन्त्रण गर्न तथ्यांक फर्जी बनाउँछन् र स्वतन्त्र विचारक र संस्थालाई दबाबमा पार्छन्। भारतमा सेन्टर फर पोलिसी रिसर्च, ग्रिनपिस र ओक्सफामजस्ता संस्थाको विदेशी सहयोग रोकिएको छ भने सरकारअनुकूल संस्थालाई जिम्मेवारी दिइएको छ। छापामाध्यम, भारी लगानी र उत्पादन खर्चका कारण, सामग्री नियन्त्रणको सबैभन्दा ठुलो सिकार बनेको छ। पाठकको विश्वासमा निर्भर हुनाले टेलिभिजन च्यानलभन्भैं गैरजिम्मेवार बन्न भने सक्दैन। त्यसैले, सरकारले चाहेको सन्देश दिनु र स्वतन्त्र देखिनुबिच सन्तुलित हुन बाध्य छ। प्रधानमन्त्री कार्यालयले मोदीका भाषण पत्रकारलाई शीर्षकसहित पठाउने गर्छ, जसलाई आधार मानेर रिपोर्ट तयार गरिन्छ, जसमा स्वभावतः आलोचना हुँदैन। सन् १९७० को दशकमा जब मैले रिपोर्टिङ सुरु गर्दा त्यसवेला प्रतिपक्षको धारणा, पृष्ठभूमि र सन्दर्भसहित सन्तुलित रिपोर्ट लेख्ने चलन थियो र अहिले भने यो विलुप्त भइसकेको छ।

अघिल्ला दुई वर्षमा मूलधार मिडिया विपक्षी दलप्रति अझ आक्रामक बनेका छन्। तुच्छ विषय उठाएर विपक्षीलाई झगडालु, विभाजित र मोदीको विकल्प नभएको देखाउने प्रयास भइरहेका छन्। विपक्षी गठबन्धनमा 'नेतृत्वको लडाइँ'जस्ता विषय मिडियाको प्रिय बनिरहेका छन्। उसो त यस्ता विश्लेषण सामान्य भए पनि समस्या तब उत्पन्न हुन्छ, जब मिडिया एकतर्फी रूपमा विपक्षीमाथि मात्र केन्द्रित हुन्छन्। सत्तारुढ पार्टीका मतभेदबारे आलोचनात्मक समाचार बिरलै देखिन्छ। विपक्षी नेताको टिप्पणीलाई प्रेसले सत्तापक्षको खण्डनसहित छाप्छ, कहिलेकाहीं सत्तापक्षको धारणालाई नै प्राथमिकता दिँदै विपक्षीको भनाइलाई समाचारको अन्त्यतिर दुई-तीन वाक्यमा सीमित गरिन्छ। भाजपाका नेताका भनाइ स्वतन्त्र रूपमा पहिलो पृष्ठको ब्यानर न्युज बन्छन्, तर विपक्षी धारणालाई विवादास्पद नभएसम्म भित्री पृष्ठमा सानो ठाउँमा सीमित गरिन्छ।

यो पक्षपात र निष्पक्षताको अपेक्षाबिचको द्वन्द्वले मिडियालाई अस्तित्व संकटमा पारेको छ। मिडियाले सशुल्क विशेष रिपोर्टहरू वा अनलाइन संस्करणहरूमा आलोचनात्मक सामग्री राखेर 'सेन्सर'बाट जोगिने प्रयास गरिरहेका छन्। यस्ता उपायले पत्र-पत्रिकाको सर्वांगीण पक्षको प्रस्तुतिको दाबीमा चोट पुऱ्याएको छ। हालका दिनमा दिल्ली संस्करण सरकारप्रति संवेदनशील बनाइएको छ भने क्षेत्रीय संस्करणलाई स्थानीय राजनीतिअनुसार ढाल्ने प्रचलन बढ्दो छ।

यसै सन्दर्भमा मिडिया अभियानको निकृष्ट रूप देखिन थालेको छ। अडानी स्वामित्वको एनडिटिभीका प्रधान सम्पादकमाथि राहुल गान्धीको पत्रकार सम्मेलनमा हंगामा मच्चाउन निर्देशन दिएको आरोप लागेको थियो। अर्को टेलिभिजन च्यानलले एकाएक सर्वे गरेर प्रधानमन्त्रीको पक्षमा ८८ प्रतिशत समर्थन र राहुल गान्धीको मोदीको आलोचनामा गरिएको 'नरेन्दर-सरेन्डर' टिप्पणीप्रति ८७ प्रतिशत नकारात्मक धारणा देखाएको


चित्र : परिप्लव चक्रवर्ती

थियो। मोदी अन्य छलपूर्वक सत्तामा पुगेका शासकभन्भैं स्वतन्त्र मिडियाप्रति अविश्वासी रहँदै आएका छन्।

सन् २०२३ मा भारतले सूचना प्रविधि नियम संशोधन गरी सरकारलाई 'नक्कली' सामग्री हटाउन सामाजिक सञ्जाललाई आदेश दिने अधिकार दिएको छ। सरकार आलोचनात्मक मिडियामाथि दबाब सिर्जना गर्न सञ्चालकलाई आर्थिक मुद्दाको धम्की र पत्रकारलाई व्यक्तिगत दण्ड दिने रणनीति अपनाइरहेको छ। व्यापारिक स्वामित्वमा रहेका मूलधारका मिडिया सरकारी दबाबमा पर्न सक्ने हुँदा यस्तो विवरण प्रायः सार्वजनिक हुँदैन र जानकारी प्रायः विदेशी स्रोतबाट आउँछ।

बिबिसीले गुजरात दंगा र अल्पसंख्यकमाथि वृत्तचित्र प्रसारण गरेपछि त्यसका कार्यालयमा छापा मारिएको थियो। टाइम पत्रिकाले सरकार आलोचकलाई देशद्रोह र आतंकवादको अभियोग लगाउने र विदेशी चन्दा लिएको र सम्पत्ति शुद्धीकरण गरेको भन्दै कारबाही गरिरहेको बताएको थियो। यसै क्रममा द क्विन्ट, दैनिक भाष्कर, भारत समाचार, न्युजक्लिक, एनडिटिभी र ग्रेटर कस्मिरजस्ता मिडियामाथि आयकर विभाग, प्रवर्तन निर्देशनालय, सिबिआई, राष्ट्रिय अनुसन्धान एजेन्सीजस्ता निकायले छापा मारेका थिए।

यसक्रममा सत्ताको आलोचना गर्ने धेरै पत्रकारहरू गिरफ्तार भएका छन् र कतिपयमाथि देशद्रोहको अभियोग लगाइयो। मोदी समर्थक बन्नुअघि शशी थरुरले एक प्रदर्शनकारीको मृत्युसम्बन्धी 'गलत रिपोर्टिङ' आरोपमा आफूसहित ६ पत्रकारविरुद्ध आपराधिक मुद्दा दर्ता भएको अनुभव सुनाएका थिए। उनले 'द क्याराभान' प्रकरण स्मरण गर्दै सन् २०२० मा ६७ पत्रकार गिरफ्तार र दुई सय पत्रकारमाथि भौतिक आक्रमण भएको उल्लेख गरेका थिए। पत्रकारका हितका लागि काम गर्ने संस्था कमिटी टु प्रोटेक्ट जर्नलिस्टले एकै समयमा सात पत्रकार जेलमा रहेको रेकर्ड सार्वजनिक गरेको थियो, जसमा गौतम नवलखा, प्रवीर पुरुकायस्थ र आसिफ सुल्तान परेका थिए। रिपोर्टर्स विदाउट बडर्सले उनीहरूमाथिको अभियोग खारेज गरी रिहा गर्न माग गरेको थियो। नवलखा हाल घरौटीमा छन्, तर दिल्ली जान अनुमति छैन, पुरुकायस्थ सर्वोच्च अदालतको आदेशपछि सात महिनापछि रिहा भए, सुल्तान झन्डै साढे पाँच वर्षपछि रिहा भएका थिए।

(रमण दिल्ली आधारित वरिष्ठ पत्रकार हुन्)
द वायरबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अमेरिकासँगको तनावका बिच चीन जाँदै मोदी

नयाँदिल्ली / भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले 'सांघाई को-अपरेसन अर्गनाइजेसन(एससिओ)' आगामी सम्मेलनमा भाग लिने तयारी गरिरहेको बुधबार भारतीय मिडियाले लेखेका छन् । एससिओको आगामी शिखर सम्मेलन अगस्ट ३१ देखि सेप्टेम्बर १ सम्म चीनको टियानजिनमा हुँदै छ ।



मोदी चीन गए भने शिखर सम्मेलनको साइड-लाइनमा उनको चिनियाँ राष्ट्रपति सी जिनपिङसँग द्विपक्षीय वार्ता पनि हुने समाचारमा उल्लेख छ । भन्सार शुल्क र रुसी तेल खरिदलाई लिएर अमेरिकासँग बढ्दो तनावको बिचमा मोदीको चीन भ्रमण हुन लागेको हो । स्रोतहरूले अझै तयारीकै चरणमा रहेको बताएको प्रधानमन्त्री मोदीको आगामी चीन भ्रमण सात वर्षमा पहिलो हुनेछ । यसअघि मोदी सन् २०१८ मा चीन गएका थिए ।

मोदी र सीबिच पछिल्लो समय अक्टोबर २३, २०२४ मा रुसी सहर काजानमा ब्रिक्स शिखर सम्मेलनको छेउमा भेटघाट भएको थियो । त्यस भेटमा पूर्वी लद्दाखमा 'वास्तविक नियन्त्रण रेखा (एलएसी)'को विवादित क्षेत्रबाट सेना पछि हटाउने र गस्ती पुनः सुरु गर्ने सहमति भएको थियो ।

पूर्वी लद्दाख क्षेत्रको सीमा क्षेत्र (एलएसी)मा दुई देशका सेनाबिच मे २०२० मा झडप भएपछि सम्बन्ध चिसिएका थियो । कजान बैठकपछि मात्र शीर्ष तहमा सम्बन्ध सुधार देखिन थालेको हो । त्यसयता दुई देशले सम्बन्ध सुधारमा अन्य प्रयास पनि चालेका छन् । तिनमा भारतीय तीर्थालुको मानसरोवर यात्रा पुनः सुरुदेखि, चिनियाँ पर्यटकका लागि भिसा र प्रत्यक्ष उडानको पुनरुत्थानजस्ता कदम चालिएका छन् ।

तर, गत मे महिनामा भारतले चालेको 'अप्रेसन सिन्दूर'मा पाकिस्तानी सेनालाई चीनले सक्रिय सहयोग गरेको देखिएपछि सम्बन्ध पुनर्स्थापनामा केही धक्का लागेको छ । भारतका अनुसार पाकिस्तानले त्यस अवधिमा चिनियाँ हतियार र ड्रोनहरूको प्रयोग मात्र गरेको थिएन, बेइजिङले प्रत्यक्ष गुप्तचर जानकारी दिएर पाकिस्तानलाई मद्दत गरेको थियो ।

संयोगवश, सन् २०१८ मा मोदीको अन्तिम चीन भ्रमण जुनमा क्विङदाओमा भएको एससिओ शिखर सम्मेलनकै लागि भएको थियो । सीले भने पूर्वी लद्दाखको झडपअघि अक्टोबर २०१९ मा भारतको भ्रमण गरेका थिए ।

हिज्बुल्लाहद्वारा निःशस्त्रीकरण प्रयासको विरोध

बेरुत / लेबनानको सरकारले निःशस्त्रीकरणको विषयमा निर्णय गर्ने चर्चाबिच हिज्बुल्लाहका समर्थकले राजधानी बेरुतमा भेला भएर विरोध जनाएका छन् । संयुक्त राज्य अमेरिकाले लेबनानमाथि हिज्बुल्लाहलाई निःशस्त्रीकरण गर्न दबाब दिइरहेका बेला सोमबार रातिदेखि बेरुतमा प्रदर्शन भएको थियो । गत वर्ष इजरायलसँगको युद्धपछि हिज्बुल्लाह निकै कमजोर भएको छ । इजरायलद्वारा त्यस समूहका अधिकांश शीर्ष नेतृत्वसँगै हजारौँ लडाकु मारिएका थिए । साथै समूहका हजारौँ समर्थक घरलक्षित बमबारीपछि घरबारविहीनसमेत भएका थिए ।

कोलमतेश्वर बचत तथा ऋण सहकारी संस्था लि.

कागेश्वरी मनोहरा नगरपालिका, वडा नं. ५, थलि, काठमाडौं
फोन नं: ०१-४४५०१२६, ०१-४४५०७४३ ।

३५ दिने धितो लिलाम सार्वजनिक सूचना

(प्रकाशितमिति : २०८२/०४/२३)

उपरोक्त सम्बन्धमा यस कोलमतेश्वर बचत तथा ऋण सहकारी संस्था लि. थलि कार्यलयबाट तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नु भएको ऋण कर्जाको संस्थालाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जना ब्याजआदि चुक्ता भुक्तान गर्न पटक पटकलिखित एवं मेखिक तथा (मिति२०८०।०५।०४ गते नया प्रत्रिका राष्ट्रिय दैनिक)मा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरे बमोजिम ऋणीलाई ताकेता गर्दा पनि ऋण कर्जा चुक्ता भूक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकोले यो ३५ दिने धितो लिलामको सार्वजनिक सूचना प्रकासित गरिएको हो ।

यो सूचना प्रकाशित भएको मिति भित्र पनि कर्जा चुक्ता नगरेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, तथा नेपाल सरकारको प्रचलितत कानून बमोजिम संस्था आफैले धितो लिलाम बिक्रि गर्ने भएकोले उक्त लिलाममा डाक बढाबड गरिलिन चाहने ईच्छुक महानुभावहरुले यो सूचना प्रकासित भएको मितिले ३६ औं दिन(उक्त दिन विदा परेमा सो को भोलिपल्ट) विहान ११ बजे यस संस्थाको कार्यालयमा उपस्थित भई आफूले सकार गर्न चाहेको मूल्यमा बोलकबोल गर्नहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ ।

तपशिल

ऋणीहरू	जमानिकर्ताहरू
१) मित्रा नन्द तिमलसेना ना.प्र.नं. २८२२३ जारी मिति : २०४४/०१/०३ बाबुको नाम: डिल्ली प्रसाद तिमलसिना बाजेको नाम: गौरी शंखर तिमलसिना ठेगाना: ललितपुर जिल्ला, माल्टा गा.वि.स,वडा नं १ हाल : काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा., वडा नं ४, ब्रम्हखेल ।	**२) रमेश तिमलसेना** ना.प्र.नं. ३९११५ जारी मिति : २०६२।०६।१४ बाबुको नाम: मित्रा नन्द तिमलसेना बाजेको नाम: डिल्ली प्रसाद तिमलसेना ठेगाना: ललितपुर जिल्ला, माल्टा गा.वि.स,वडा नं १ हाल : काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा., वडा नं ४, ब्रम्हखेल ।
धितोको विवरण : मित्रा नन्द तिमलसेना र रमेश तिमलसेनाको संयुक्त नाममा मालपोत कार्यालय साँखुमा दर्ता श्रेष्ठा कायम भएको काठमाडौं जिल्ला थलिडाँछी गा.वि.स वडा नं. १ग कित्ता नं. ३७७ को क्षेत्रफल ०-१-१-० रोपनी(३९.७४ वर्ग मि), कि.नं. ३८० को क्षेत्रफल ०-१-३-० रोपनी (५५.६४ वर्ग मि) जम्मा क्षेत्रफल ०-३-०-० (९५.३८ वर्ग मि) जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।	

HELVETAS NEPAL — TRAIL-BASED TOURISM Development Project

Request for Proposal (RFP)

Mapping and Documenting Local /Vernacular Architecture on Mundum Trail
First Date of Publication: 23 July 2025

The Trail-based Tourism Development Project (TTDP), a joint initiative of the Governments of Switzerland and Nepal, aims to increase people's income and conserve culture in Koshi Province through innovative and sustainable tourism.

TTDP/Helvetas Nepal invites proposals from consulting firms to procure consulting services for **Mapping and Documenting Local /Vernacular Architecture on Mundum Trail**. The RFP and Terms of Reference (TOR) are available in the **https://notice.helvetasnepal.org/**

Eligible forms must submit proposals with updated CV electronically **to ttdp.np@helvetas.org** by **22 August, 2025, 5:00 PM Nepal time**. The proposal must be signed and compiled as a PDF and submitted within the deadline.

भाखा नाघेका ऋणीमा कर्जा चुक्ता गर्न आउनेबारेको ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८२/०४/२३ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस सुनिश्चित बचत तथा ऋण सहकारी संस्था लि बाट तपाई ऋणी सदस्यले आवास कर्जा शिर्षक अन्तर्गत लिनुभएको ऋणको साँवा, ब्याज र अन्य रकम समेत यसै संस्थासंगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाइ सो सम्बन्धमा पटक पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा पत्र मार्फत अनुरोध गर्दा पनि ऋणको साँवा, ब्याज र अन्य दै दस्तुर समेत संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाई ऋण सम्बन्धी शर्त बन्देज उलंघन गर्नुभएकोले ऋण चुक्ता गर्नका लागि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र यस संस्थामा सम्पर्क राखि संस्थाबाट लिएको ऋणको सम्पुर्ण साँवा, ब्याज र अन्य रकम चुक्ता भुक्तान गर्नका लागी अनुरोध गरिन्छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको ऋणको साँवा, ब्याज तथा अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण बापत रहेको चल अचल सम्पत्ति, सहकारी ऐन २०७४ को दफा ७९ को उपदफा १, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण निति बमोजिम लिलाम बिक्रि गरी संस्थाले आफ्नो सम्पुर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउदछौं ।

सुरक्षणमा रहेको धितो लिलाम बिक्रि गर्ने, जमानी दिनेको बचत तथा शेयर रकमबाट असुलउपर गरिलिने, सहकारी ऐनको दफा ८० बमोजिम कालो सूचीमा समावेश गरि अन्य कानुनी प्रक्रिया समेत अगाडि बढाउने र संस्थाको सम्पुर्ण लेना रकम असुल उपर नभएमा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताका अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी साँवा, ब्याज, हर्जना तथा अन्य दै दस्तुर असुल उपरका लागी प्रकृया अगाडी बढाइने व्यहोरा ऋणी तथा धनजमानीकर्ता तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण	ऋणीको फोटो	धिताको विवरण
ऋणीको नाम: जुनादेवी तिमिल्सीना पतीको नाम: कृष्ण प्रसाद तिमिल्सीना बाबुको नाम: बद्रीप्रसाद खतिवडा ससुराको नाम: हरिप्रसाद उपाध्याय तिमिल्सीना ठेगाना : काठमाडौं, बाडभञ्ज्याड, वडा नं.-७ हालको ठेगाना : चन्द्रगिरी नगरपालिका-२,बाडभञ्ज्याड,		**जग्गा धनीको नाम:** **१. कृष्ण प्रसाद तिमिल्सीना** बाबुको नाम: हरिप्रसाद उपाध्याय तिमिल्सीना बाजेको नाम: लक्ष्मीप्रसाद उपाध्याय ठेगाना : चन्द्रगिरी नगरपालिका-२ बाडभञ्ज्याड, वडा नं.-७ **२. जुनादेवी तिमिल्सीना** पतीको नाम: कृष्ण प्रसाद तिमिल्सीना बाबुको नाम: बद्रीप्रसाद खतिवडा ससुराको नाम: हरिप्रसाद उपाध्याय तिमिल्सीना ठेगाना : काठमाडौं, बाडभञ्ज्याड, वडा नं.-७ हालको ठेगाना : चन्द्रगिरी नगरपालिका-२,बाडभञ्ज्याड, **जग्गाको विवरण** का.जि., बाडभञ्ज्याड गा.वि.स. वडा नं. ७/क कि.नं. १५४, क्षे.फ. ०-८-०-०. को घर/जग्गा

द.नं.: ८८९
सुनिश्चित बचत तथा ऋण सहकारी संस्था लि.
चन्द्रागिरि न.पा. -३, थानकोट, काठमाडौं
फोन नं.: ४३१२५०४

इतिहासमा आज

अगस्ट ८



सन् १९७४ : 'वाटरगेट काण्ड'बाट विवादमा तानिएका तत्कालीन अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनले संसद्बाट महाभियोगबाट हटाइने सम्भावनाबिच यसै दिन टेलिभिजन सम्बोधनमार्फत राजीनामा दिए ।

सन् १९१९ : तेस्रो 'अंग्रेज-अफगान युद्ध' अन्त्य गर्न रावलपिन्डीमा भएको अंग्रेज-अफगान सन्धिमा बेलायतले अफगानिस्तानलाई स्वतन्त्र राष्ट्रको मान्यता दियो ।

सन् १९४५ : सोभियत संघले जापानविरुद्ध युद्ध घोषणा गऱ्यो । सोभियत कदमले जापानी राजालाई अनुकूल सर्तमा अमेरिकासमक्ष आत्मसमर्पण गर्न दबाब सिर्जना गरेको थियो ।

सन् १९४५ : युरोपमा नाजीहरूको हारपछि शीर्ष नाजी पदाधिकारीविरुद्ध युद्ध-अपराधको मुद्दा चलाउने विषयमा मित्रशक्तिहरू अमेरिका, सोभियत संघ, बेलायत र फ्रान्सले 'अन्तर्राष्ट्रिय सैन्य न्यायालय' स्थापना गर्ने सहमति गरे ।

सन् १९४९ : भारत-भुटानबिच यसै दिन भएको मैत्री सन्धिले बेलायतले हेर्दै आएको भुटानको विदेश मामिला भविष्यमा भारतले हेर्ने तय गऱ्यो ।

सन् १९६७ : 'आसियान' स्थापना गर्ने निर्णय गरे ।

सन् १९९० : इराकले कब्जा गरेको ६ दिनपछि कुवेतलाई देशको १९औं प्रान्त घोषणा गऱ्यो ।

गाजामा मारिने बालबालिकाको संख्या १८ हजार

गाजा / संयुक्त राष्ट्र संघका अनुसार इजरायली बमबारी र आवश्यक मानवीय सहायताको वितरणमा लागेको प्रतिबन्धका कारण गाजामा दैनिक लगभग २८ बालबालिकाको मृत्यु भइरहेको छ । 'बमबारीबाट बालबालिका मरिइरहेछन् । त्यस्तै कुपोषण र भोकमरीले पनि ज्यान लिइरहेको छ । सहायता र महत्त्वपूर्ण सेवाहरूको अभावबाट बालबालिकाको मृत्यु भएको छ,' संयुक्त राष्ट्र बाल कोष (युनिसेफ)ले समाजिक संजाल एक्समा एक पोस्ट गर्दै भनेको छ ।

'गाजामा, प्रतिदिन औसत २८ बालबालिका मारिँदै छन् । अर्थात् प्रत्येक दिन झन्डै एउटा कक्षाकोठा खाली हुँदै छ,' युनिसेफले भनेको छ । युनिसेफले गाजामा बालबालिकालाई खाना, सफा पानी, औषधि र सुरक्षाको तत्काल आवश्यकता रहेको जोड दिएको छ र सबैभन्दा तत्काल युद्धविराम चाहिएको बताएको छ ।

इजरायलले गाजामा आफ्नो नरसंहार युद्ध सुरु भएदेखि १८ हजारभन्दा बढी बालबालिका मारिइसकेका छन्, जुन प्रतिघण्टा एक बच्चाको हत्याबराबर हुन आउँछ । अक्टोबर ७, २०२३ मा हमासले दक्षिणी इजरायलमा आक्रमण गरेदेखि यता ६० हजारभन्दा बढि प्यालेस्टिनीहरू मारिएका छन् भने एक लाख ५० हजार २७ जना घाइते भएका छन् ।

इजरायलको आक्रमणले गाजाका बालबालिकामाथि गम्भीर मनोवैज्ञानिक चोट निम्त्याइरहेको छ ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी
(प्रकाशित मिति : २०८२/०४/२३)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल पोष्ट बक्स न ३४९२
फोन नं.: ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेवसाइट: www.nimb.com.np

यस बैंक (साविक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)को तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसंग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण बेवास्ता गरि कर्जा चुत्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । **अत : यो सूचना प्रकाशित भएको मितिले ०७ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोवन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन इच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिवाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०४/२९
बोलपत्र खोलिने मिति २०८२/०४/३० दिउँसो १ बजे

तपसिल

क्र.सं.	ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण
१.	**ऋणी : सिंह फेन्सी स्टोर (आवधिक कर्जा) -शाखा कार्यालय साँफेबगर**, दर्ता नं.: २५७५/०७५/०७६, ठेगाना : साँफेबगर न.पा. ०३, अछाम **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** १. **मंगला शाह -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ६९३००६/१९८, मिति २०६३/१०/२२ मा जि.प्र.का.अछामबाट जारी भएको) पति : कलक बहादुर सिंह, ससुरा : गोकुल बहादुर सिंह २. **कलक बहादुर सिंह -जमानीकर्ता** (ना.प्र.नं.२२४, मिति २०५४/०३/२९ मा जि.प्र.का.बझाङबाट जारी भएको) बाबु : गोकुल बहादुर सिंह, बाजे : गजेन्द्र बहादुर सिंह	मगला शाहको नाममा कैलाली जिल्ला मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी न.पा./उ.म.न.पा. वडा नं. ०३ स्थित कि.नं. ३६५ (८५ व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय धनगढी, कैलाली/सम्बन्धीत मालपोत नजिकको शाखा

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित सरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सावीकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछन् ।

रिलायन्स फाइनान्स लिमिटेडका
ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्ने ७ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मितिः २०८२/०४/२३)

तपाई तपसिलका ऋणी/ऋणीहरुले यस फाइनान्सबाट लिनु भएको ऋण रकम, यस फाइनान्ससँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र फाइनान्सबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित मिति भित्रमा यस वित्तिय संस्थालाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगर्नु भएमा यस फाइनान्सलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी अथवा सो बाट आफ्नो लेना असुल उपर नभएमा तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल सम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून बमोजिम कारबाही गरी फाइनान्सले आफ्नो लेना रकम असूल उपर गरिनुका साथै तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

तपशिल

केन्द्रिय कार्यालय: कमलादी काठमाडौं

ऋणीको विवरण	धितोको विवरण	व्यक्तिगत घन जमानी दिनेको विवरण	
१ **नाम : विशाल राज पोखरेल** ठेगाना : ललितपुर जिल्ला, लामाटार वडा नं. ०३ हालको ठेगाना : ललितपुर जिल्ला, सानेपा वडा नं. ०२ बुवा : विष्णु कुमार पोखरेल बाजे : बाल कृष्ण पोखरेल **कर्जा शिर्षक : व्यक्तिगत अधिविकर्ष कर्जा**	**निशा पोखरेल**को नाममा दर्ता रहेको ललितपुर जिल्ला, लामाटार वडा नं. ०३, स्थित कित्ता नं. १३७ को क्षेत्रफल २-११-३-० को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।	**नाम : निशा पोखरेल** ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं.२१ हालको ठेगाना: ललितपुर जिल्ला, सानेपा वडा नं. ०२ श्रीमान : विष्णु कुमार पोखरेल ससुरा : बाल कृष्ण पोखरेल	**नाम : सन्तोष पोखरेल** ठेगाना : ललितपुर जिल्ला, लामाटार वडा नं. ०३ हालको ठेगाना: ललितपुर जिल्ला, सानेपा वडा नं. ०२ बुवा : विष्णु कुमार पोखरेल बाजे : बाल कृष्ण पोखरेल

शाखा कार्यालय: चारआली, झापा

ऋणीको विवरण	धितोको विवरण	व्यक्तिगत घन जमानी दिनेको विवरण		
१ **नाम: धर्मे हुटसिट मर्मत सेन्टर** ठेगाना: अर्जुनधारा न.पा वडा नं. ११ झापा । दर्ता नं. २५९/११-२४-००३४ पान नं: ६१२५७६००१ **कर्जा शिर्षक: बिपन्न वर्ग कर्जा**	**सोहन राजबंशी**को नाममा दर्ता रहेको झापा जिल्ला दुवागढी गा.बि.स वडा नं ०५ स्थित कित्ता नं. १३३९ र १३३७ को क्षेत्रफल ०-१-०.५ र ०-०-४.५ (बि-क-धु), को घर जग्गा तथा सो चर्चेको सम्पुर्ण लिगलगापात समेत ।	**नाम : सोहन राजबंशी** ठेगाना : झापा जिल्ला, दुवागडी गा.बि.स वडा नं.०५ बुबा : नरतम राजबंशी बाजे : सिदम राजबंशी	**नाम : धर्मेन्द्र राजबंशी** ठेगाना : झापा जिल्ला, दुवागडी गा.बि.स वडा नं.०५ बुबा : सोहन राजबंशी बाजे : नरतम राजबंशी	**नाम : आरति राजबंशी** ठेगाना : झापा जिल्ला, दुवागडी गा.बि.स वडा नं.०५ बुबा : निमानु राजबंशी बाजे : धर्म कुमार राजबंशी
		नाम : फूलमान राजबंशी ठेगाना : झापा जिल्ला, दुवागडी गा.बि.स वडा नं.०५ बुबा : जय प्रसाद राजबंशी बाजे : पुर्जीलाल राजबंशी	**नाम : रेणुका राजबंशी** ठेगाना : झापा जिल्ला, दुवागडी गा.बि.स वडा नं.०५ बुबा : सोहन राजबंशी बाजे : नरतम राजबंशी	**नाम : सागर गिरि** ठेगाना : झापा जिल्ला, शनिस्चरे गा.बि.स वडा नं. ०७ बुबा : यम बहादुर गिरि बाजे : काशीनाथ गिरी

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

Head Office: Reliance Bhawan,Kamaladi, Kathmandu
Tel: +977–1–5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np, Web: www.reliancenepal.com.np
Branch : Charali, Jhapa, Phone : 023-461102, 023-461411

वित्तीय सेवाको अर्को परिभाषा

धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, नयाँ बानेश्वर शाखाको २१ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/०४/२३ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल माघ महिना ०३ गतेको 'नागरिक' राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आह्वान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा सावीकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

क्र.सं.	ऋणीको नाम र ठेगाना :
१.	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २१०३४४/०७५/०७६ कायम भई मिति २०७५/११/२६ मा दर्ता भएको मोरङ जिल्ला, विराटनगर महानगरपालिका वडा नं. ०५ स्थित **कोशी ट्र्याक्टर एण्ड अट

राष्ट्र बैंकले खुकुलो बनायो विदेशी मुद्राको सटही

आठ हजार डलरसम्मको सेवा आयात गर्दा नियामकको सिफारिस नचाहिने

नयाँ पत्रिका

विदेशी मुद्रा सञ्चिति थुप्रिँदै जान थालेपछि नेपाल राष्ट्र बैंकले विदेशी मुद्राको सटही व्यवस्था खुकुलो बनाएको छ। केन्द्रीय बैंकका अनुसार जेठ मसान्तसम्म विदेशी मुद्रा सञ्चिति २५ खर्ब ६९ अर्ब रुपैयाँबराबर छ। यो सञ्चिति ऐतिहासिक रूपमै उच्च हो।

नेपाल राष्ट्र बैंकले बिहीबार परिपत्र जारी गर्दै विदेशी मुद्रा सटहीको व्यवस्थालाई थप खुकुलो बनाएको हो। अब भारतबाहेकका मुलुकबाट कुनै पनि संस्थाले सफ्टवेयर तालिमजस्ता सेवा आयात गर्दा आठ हजार अमेरिकी डलरसम्मको भुक्तानी गर्नुपरेमा नियामक निकायको सिफारिस आवश्यक नपर्ने भएको छ।

हालसम्म पाँच हजार डलरसम्मका लागि सिफारिस नचाहिने व्यवस्था छ।

त्यस्तै, कम्पनीको लेखा परीक्षण प्रतिवेदन, सञ्चालक समितिको निर्णयलगायतका कागजात जुटाएका आधारमा एकपटकमा १५ हजार अमेरिकी डलरसम्म वाणिज्य बैंकबाट नै सटही पाइने व्यवस्था गरिएको छ। हालसम्म यो लिमिट १२ हजार डलरमा सीमित थियो।

केन्द्रीय बैंकले वायुसेवा सञ्चालकलाई आठ हजार अमेरिकी डलर वा पाँच लाख भारतीय रुपैयाँसम्मको सेवा आयात गर्दा नियामक निकायको सिफारिस नचाहिने व्यवस्था गरिएको छ। हाल एक लाख डलरसम्मको आयातमा नियामक निकायको सिफारिस अनिवार्य व्यवस्था छ। अब नियामक निकायको सिफारिस नचाहिने गरी न्यूनतम सीमा कायम गरिएको हो।

नेपाली नागरिकलाई प्राविधिक शिक्षाका लागि विदेशी संस्थामा भुक्तानी गर्न वर्षमा पाँच हजार अमेरिकी डलरसम्म भुक्तानी हुने गरी विदेशी मुद्रा सटही दिन सकिने व्यवस्था गरिएको छ। हालसम्म एक हजार पाँच सय अमेरिकी डलरभन्दा बढीको सटही दिन नपाइने व्यवस्था थियो। अब प्राविधिक शिक्षा, व्यावसायिक तालिम तथा अनलाइनमार्फत अध्ययन गर्ने प्रयोजनका लागि पाँच हजार अमेरिकी डलरसम्मको सटही सुविधा पाइने भएको हो।

विदेशमा पढ्न जानुअघि दिइने परीक्षाका लागि १५ हजार डलरसम्मको सटही सुविधा पाइने भएको छ। विदेशी संस्थाले नेपालमा सञ्चालन गर्ने भाषा परीक्षा वा मानकीकृत परीक्षण टोफेल, आइएलटिएस, पिटिई, जिआरई, जिम्याट र स्याटजस्ता सेवा आयात नेपाली संस्थाले गर्दा सोबापतको भुक्तानीका लागि प्रतिपटक अमेरिकी डलर १५ हजारसम्मको सटही सुविधा वाणिज्य बैंकले दिन सक्ने भएको छ।



तीन सय ४१ मेगावाटको बुढीगण्डकी अर्धजलाशययुक्त आयोजनामा जुट्यो लगानी

वित्तीय व्यवस्थापन गर्ने निजी क्षेत्रकै ठुलो जलविद्युत् आयोजना, १० बैंकले साढे ५२ अर्ब रुपैयाँ ऋण लगानी गर्ने

मिलन विश्वकर्मा / नयाँ पत्रिका

गोरखामा बन्ने तीन सय ४१ मेगावाटको बुढीगण्डकी अर्धजलाशययुक्त जलविद्युत् (पिआरओआर) परियोजनाको वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर)मा सम्झौता भएको छ। ७० अर्ब रुपैयाँ लागत अनुमान गरिएको यस परियोजनामा नेपाल इन्भेस्टमेन्ट मेगा बैंकको नेतृत्वमा १० बैंक तथा वित्तीय संस्थाले कन्स्टोटियम (संयुक्त) मोडेलमा ५२ अर्ब ५० करोड रुपैयाँ ऋण लगानी गर्ने भएका हुन्।

बिहीबार काठमाडौंमा एक कार्यक्रमबिच प्रवर्द्धक कम्पनी टाइम्स इनर्जी र बैंक तथा वित्तीय संस्थाबिच ऋण लगानी सम्झौता भएको हो। सम्झौतापत्रमा टाइम्स इनर्जीका सञ्चालक सुशील थापा र नेपाल इन्भेस्टमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत ज्योतिप्रकाश पाण्डेले हस्ताक्षर गरेका छन्।

यस परियोजनामा ऋण लगानी गर्ने मामिलामा नेपाल इन्भेस्टमेन्ट मेगा बैंकले नेतृत्व गर्नेछ, उक्त बैंकले १० अर्ब रुपैयाँ ऋण दिनेछ। सहनेतृत्व गर्ने बैंकहरू नबिल बैंकले आठ अर्ब, लक्ष्मी सनराइज बैंकले आठ अर्ब र ग्लोबल आइएमई बैंकले सात अर्ब रुपैयाँ ऋण दिनेछन्।

यसैगरी, हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआइडिसिएल)ले चार अर्ब, माछापुच्छ्रे बैंकले चार अर्ब, सिटिजन्स बैंकले तीन अर्ब, नेपाल इन्फ्रास्ट्रक्चर बैंकले तीन अर्ब, प्रभु बैंकले तीन अर्ब र कृषि विकास बैंकले दुई अर्ब ५० करोड रुपैयाँ सदस्यका रूपमा ऋण लगानी गर्नेछन्। परियोजनाको ऋण भुक्तानी अवधि पाँच वर्ष चार महिना तोकिएको छ।

टाइम्स इनर्जीले परियोजना निर्माण तथा विद्युत् उत्पादनका लागि विद्युत् विकास विभागबाट पुस ०८० मै अनुमतिपत्र ल्याइसकेको छ। परियोजनाको विद्युत् बिक्री गर्न नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) पनि भइसकेको छ। अहिले पूर्वतयारी तथा पूर्वनिर्माणका काम भइरहेको आयोजनालाई छिट्टै अघि बढाउने कम्पनीले जनाएको छ। सिभिल निर्माणलगायतका मुख्य काम भने भदौबाट सुरु गर्ने तयारी छ। १५ पुस ०८७ सम्म परियोजना सञ्चालनमा ल्याउने कम्पनीको लक्ष्य छ।



■ ७० अर्ब लागत, साढे १७ अर्ब स्वपुँजी

७० अर्ब रुपैयाँ लागत अनुमान गरिएको यस परियोजनामा ७५ प्रतिशत लगानी ऋणमार्फत जुटाइएको हो। बाँकी २५ प्रतिशत लगानी अर्थात् १७ अर्ब ५० करोड रुपैयाँ भने प्रवर्द्धक कम्पनीले स्वपुँजीका रूपमा लगानी गर्नेछन्। टाइम्स इनर्जीमा साहस ऊर्जाको ५१ प्रतिशत सेयर स्वामित्व छ। तीन सय ४१ मेगावाटको यो परियोजना प्रतिमेगावाट २० करोड ५३ लाख रुपैयाँमा बन्नेछ। नेपालमा परियोजना लागत प्रतिमेगावाट औसत २० करोडभन्दा बढी नै छ। तर, कतिपय परियोजनाको लागत प्रतिमेगावाट ३० करोड रुपैयाँभन्दा माथि पनि हुने गरेको छ, त्यो अवस्थामा यो लागत सस्तो भएको कम्पनीको दाबी छ।

प्राधिकरणसँग परियोजनाको विद्युत् खरिद सम्झौता ३० वर्षका लागि गरिएको छ। वर्षायामका लागि ४.८० रुपैयाँ, सामान्य सुक्खायामका लागि ८.४० रुपैयाँ र मुख्य सुक्खायामका लागि १०.५५ रुपैयाँ प्रतियुनिटमा सम्झौता गरिएको छ। परियोजनाबाट वर्षा याममा १३०४.०४ गिगावाट, सामान्य सुक्खायाममा २४३.४३ मेगावाट र मुख्य सुक्खायाममा ३२०.३० गिगावाट विद्युत् उत्पादन हुनेछ। यसले पनि परियोजनामा प्रतिफलको सम्भावना उच्च देखाएको उनले बताए। आयोजनाको लगानी प्रतिफल १६.९९ प्रतिशत हुने अनुमान गरिएको छ। सम्भाव्यता अध्ययनअनुसार आयोजना सञ्चालनमा आएको साढे पाँच वर्षमा साधारण लगानी फिर्ता गर्न सकिनेछ। अहिले नै परियोजनाको खुद मूल्यांकन २३ अर्ब २४ करोड रुपैयाँ रहेको छ।

■ कस्तो बन्दै छ आयोजना ?

अर्धजलाशय प्रकृतिको यो परियोजना गोरखा जिल्लामा बन्नेछ। यो परियोजना काठमाडौंबाट एक सय ७० किमि दूरीमा हुनेछ। परियोजनाको बाँध क्षेत्र चुमनुब्री गाउँपालिकाको वडा नं ३ र विद्युत्गृह धार्चे गाउँपालिकाको वडा नं ३ मा हुनेछ। पावरहाउस भने भूमिगत हुनेछ।

आयोजनामा तीन सय ९८ मिटर लामो हेड (पानी खस्ने उचाइ), ६.९ किलोमिटर लामो सुरुङ, ५६.८ मेगावाट क्षमताको ६ टर्बाइन हुनेछ। ड्याममा १७ लाख ६० हजार घनमिटर पानी भण्डारण हुनेछ। त्यसबाट दैनिक ६ घण्टासम्म पूर्ण क्षमतामा विद्युत् उत्पादन गर्न सकिनेछ। आयोजनाबाट वार्षिक औसत १८६७.७७ गिगावाट घण्टा विद्युत् उत्पादन हुनेछ। कम्पनीका अनुसार मुख्य सुक्खायाममा ३२०.३० गिगावाट, सामान्य सुक्खायाममा २४३.४३ मेगावाट र वर्षा याममा १३०४.०४ गिगावाट विद्युत् उत्पादन छ। आयोजनाको डिजाइन डिस्चार्ज १००.२५ घनमिटर प्रतिसेकेन्ड छ।

■ सहजीकरण गर्छौं : अर्थ र ऊर्जामन्त्री

कार्यक्रममा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले निजी क्षेत्रले यति ठुलो परियोजना अघि बढाउनु र त्यसमा लगानी जुट्नुले नेपालमा लगानीको वातावरण छ भन्ने देखाएको बताए। निजी क्षेत्रको ठुलो परियोजनामा वित्तीय व्यवस्थापन हुनु महत्त्वपूर्ण र जलविद्युत् क्षेत्रकै लागि कोसेढुंगा साबित हुने उनले बताए। उनले आयोजना अघि बढाउने सन्दर्भमा सहजीकरण गर्न तथा कुनै पनि कठिनाइमा साथ दिन सरकार तयार रहेको बताए।

ऊर्जा, सिँचाइ तथा जलस्रोतमन्त्री दीपक खड्काले तीन सय ४१ मेगावाटको अर्धजलाशययुक्त आयोजना अघि बढ्नुले नेपालको निजी क्षेत्रको क्षमता अभिवृद्धि भएको देखाएको बताए। 'निजी क्षेत्रलाई पहिला सानो आयोजना बनाउन पनि गाह्रो थियो, अहिले यति ठुला-ठुला आयोजना बनाउन सक्ने भएका छन्, यो स्वागतयोग्य छ,' उनले भने।

■ नीतिगत सुधारका लागि सुझाव

स्वतन्त्र ऊर्जा उत्पादकहरूको समूह (इप्पान)का अध्यक्ष गणेश कार्कीले यति ठुलो परियोजनामा वित्तीय व्यवस्थापन हुनु ऐतिहासिक भएको बताए। उनले ऊर्जा विकासमा निजी क्षेत्र अघि बढिसकेको उल्लेख गर्दै नीतिगत सुधार गर्न सरकारलाई आग्रह गरे।

ऋण लगानी सम्झौतामा हस्ताक्षरपछि सिइओ पाण्डेले ८६ मेगावाटको आयोजनामा लगानी गरेर सफल भएको र अहिले तीन सय ४१ मेगावाटको आयोजनामा लगानी गर्न तयार भएको बताए। उनले राज्यले प्रसारणलाइनलगायत पूर्वाधार समयमै निर्माण गरेर आयोजनालाई सहयोग गर्नुपर्ने बताए।

■ तोकिएकै समयमा निर्माण सक्छौं : प्रवर्द्धक

परियोजनाका अध्यक्ष हिमप्रसाद पाठकले अहिले परियोजनाको पूर्वतयारीका काम भइरहेको उनले जानकारी दिए। 'जग्गा खरिद सम्पन्न भएको छ, सडक मर्मत भइरहेको छ, बेलिब्रिज बनिसकेको छ,' उनले भने, 'परामर्शदाता छनोट भएर डिजाइन भइरहेको छ, डिजाइन सकएपछि निर्माणमा जानेछौं।' आयोजनामा स्थानीयलाई रोजगारी दिन उच्च प्राथमिकता दिइने उनले बताए।

त्यस्तै, कम्पनीका निर्देशक सुशील थापाले तोकिएको समयमै परियोजना बनाउन सकिने बताए। 'निजी क्षेत्रले ठुला आकारका परियोजना बनाउन सुरु गरिसकेका छन्। हामीसँग पनि ८६ मेगावाटको जलविद्युत् परियोजना बनाएको पहिलाकै अनुभव छ। त्यो अवस्थामा यो परियोजना समयमै बनाउन सकिन्छ,' उनले बताए।

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

तपसिलका ऋणीलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५(पैतिस) दिनको अत्यन्त जरूरी सूचना

प्रकाशित मिति २०८२/०४/२३

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को शाखा कार्यालय घोराही दाङबाट तपाई ऋणीले तपसिलमा उल्लेखित धितो सुरक्षण राखी कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा ब्याज लगायतका अन्य रकम समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाई ऋणीलाई पटक पटक लिखित, मौखिक तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको बाँकी बक्यौता किस्ता रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जाको सम्पुर्ण रकम चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी बस्ने समेतको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र तपाईहरुले यस वित्तीय संस्थामा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पूर्ण रकम अविलम्ब चुक्ता भुक्तान गर्नु होला अन्यथा संस्थाको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं प्रचलित कानून बमोजिम तपसिलको धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस संस्थाको लेना रकम असुल उपर गरिने तर्फ कारवाही गरिने र सो धितोबाट असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुलाई सूचित गरिन्छ। साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी तथा सम्बन्धित व्यक्तिहरुको नाम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण:

१. नामः अर्जुन कुखुरा फर्म (साझेदारी फर्म) (प्रोपाईटर. खिम बहादुर चौधरी/रेवा कुमारी बस्नेत), ठेगानाः घोराही उ.म.न.पा. वडा नं. ६ दाङ, फर्म दर्ता भएको निकायः घरेलु तथा साना उद्योग कार्यालय दाङ, दर्ता नं.: २८/४०३-१०-२०७९/८०, दर्ता मितिः २०८०/०२/१९, पान नं.: ६२००२१३२८, पान दर्ता मितिः २०८०/०२/२३, कर्जाः कृषी

१. प्रोपाइटरः खिम बहादुर चौधरी, ठेगानाः दाङ जिल्ला सौडियार गा.वि.स वडा नं. ३ स्थायी ठेगाना भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा. वडा नं. ६ चोरगाउ बस्ने, बाबुः जगविर चौधरी, बाजेः जित बहादुर चौधरी, ना.प्र.नं.: २०८५/८०८, जारी मितिः २०६३/७/२८, जि.प्र.का. दाङ।

२. प्रोपाइटरः रेवा कुमारी बस्नेत, ठेगाना दाङ जिल्ला त्रिभुवन न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा. वडा नं. १५ बस्ने, बाबुः मेघ बहादुर रावत, पतिः गेहेन्द्र बस्नेत, ससुराः रण बहादुर बस्नेत, ना.प्र.नं. १२८४७/२५५४, मितिः २०५०/१०/१८, जि.प्र.का. दाङ।

सुरक्षण बापत धितोको विवरण:

दासु चौधरीको नाति जित बहादुर चौधरीको छोरा दाङ जिल्ला सौडियार गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल घोराही उ.म.न.पा. वडा नं. ६ बस्ने जगविर चौधरी - १ र रण बहादुर बस्नेतको बुहारी मेघ बहादुर रावतको छोरी गेहेन्द्र बस्नेतको एकाघरकी श्रीमती दाङ जिल्ला त्रिभुवन न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल घोराही उ.म.न.पा. वडा नं. १५ बस्ने रेवा कुमारी बस्नेत - २ गरि संयुक्त नाममा मा.पो.का. घोराही, दाङ जिल्ला रावतगाऊ ३/क कित्ता नं. ७५२, ७५१, ७४७ र १२०४ को जम्मा क्षेत्रफल क्रमशः ६७.७२, १६.९३, ६७.७२ र १३५४.५६ व.मि.को जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगलगापात समेत।

व्यक्तिगत जमानीकर्ता

नामः जगविर चौधरी, ठेगानाः दाङ जिल्ला सौडियार गा.वि.स. वडा नं. ०३ स्थायी ठेगाना भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा. वडा नं. ६, बाबुः जित बहादुर चौधरी, बाजेः दासु चौधरी, ना.प्र.नं.: (१४३)६९९१/५३९, जारी मितिः २०३६/१०/१५, जि.प्र.का. दाङ।

नामः बजारी थरुनी, ठेगानाः दाङ जिल्ला सौडियार गा.वि.स वडा नं. ३ स्थायी ठेगाना भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा. वडा नं. ६ चोरगाउ बस्ने, बाबुः सुखलाल चौधरी, ससुराः जित बहादुर चौधरी, पतिः जगविर चौधरी, ना.प्र.नं.: ३५५/५७५, जारी मितिः २०४४/१२/०३ जि.प्र.का. दाङ।

नामः भीम बहादुर चौधरी, ठेगानाः दाङ जिल्ला सौडियार गा.वि.स वडा नं. ३ स्थायी ठेगाना भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा. वडा नं. ६ चोरगाउ बस्ने, बाबुः जगविर चौधरी, बाजेः जित बहादुर चौधरी, ना.प्र.नं. ५२१०१९/४८२, जारी मितिः २०६५/८/२० जि.का. (दाङ)

नामः जानकी थारु, ठेगानाः दाङ जिल्ला सौडियार गा.वि.स वडा नं. ३ स्थायी ठेगाना भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा. वडा नं. ६ चोरगाउ बस्ने, बाबुः लबरु थारु, ससुराः जगविर चौधरी, पतिः भीम बहादुर चौधरी, ना.प्र.नं. ५२-०१-७०-०१७८०, जारी मितिः २०७०/३/३१ जि.प्र.का. दाङ।

नामः प्रदिप चौधरी, ठेगानाः दाङ जिल्ला सौडियार गा.वि.स वडा नं. ३ स्थायी ठेगाना भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा. वडा नं. ६ चोरगाउ बस्ने, बाबुः जगविर चौधरी, बाजेः जित बहादुर चौधरी, ना.प्र.नं. ५२-०१-७०-०२५४६, जारी मितिः २०७०/५/०६, जि.प्र.का. दाङ।

